# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

व्यक्ति, समाज र राष्ट्रको उन्नत भविष्य तथा विकासको एकमात्र आधार स्तम्भ शिक्षा हो । देशमा आवश्यक पर्ने सबल, सक्षम तथा दक्ष जनशक्ति उत्पादन गर्ने कर्म शिक्षाबाट नै हुन्छ । यस ठोस सिद्वान्तलाई आत्मसाथ गर्दै हरेक विषयगत उद्देश्य पूरागर्न गराउनका लागि विभिन्न विषय सम्वन्धि पाठ्यक्रम निर्माण गरिएको हुन्छ । सम्पूर्ण शैक्षिक कार्यक्रमको मूल दस्तावेजको रुपमा पाठ्यक्रमलाई लिइएको हुन्छ । बालवालिकाको स्तर, रुचि, क्षमता, तह, उमेर अनुसारको पाठ्यक्रम निर्माण गरिएको हुन्छ । व्यक्ति, समाज र राष्ट्रको आवश्यकता पूरागर्न सक्ने खालको पाठ्यक्रमको तर्जुमा गरेमा यसले देशमा अपेक्षित परिवर्तन एवम् विकास गर्न सकिन्छ । देशको सर्वाङ्गिण विकासको मूल आधार शिक्षा भएकोले सोही अनुसार शिक्षा प्रवाह गर्ने वातावरण र स्रोत साधन जुटाउन पाठ्यक्रम तयार गरिनुपर्दछ । पाठ्यक्रम शैक्षिक क्रियाकलापको त्यस्तो एक संगठित ढाँचा हो, जसमा विद्यालय भित्र र बाहिरका सम्पूर्ण क्रियाकलाप समावेश भएको हुन्छ । यसमा कुनै पनि व्यक्ति , समाज, र राष्ट्रका समस्त इच्छा, चाहना तथा आवश्यकताहरु समेटिएको हुन्छ । मूल्याङ्कन प्रक्रियाले पाठ्यक्रमको औचित्य, आवश्यकता, समसामायिक, स्तरयुक्त भए-नभएको मूल्याङ्कन गरी सुधार गर्न विशेष भूमिका खेल्दछ । पाठ्यक्रम सुधारको एक व्यापक, समसामयिक र भौगोलिक दृष्टिकोण हुन्छ । अर्थात पाठ्यक्रमले एक निश्चित देश, काल र परिस्थितिको आवश्यकताको परिपूर्ति गर्नुपर्दछ । यसै आधारमा पाठ्यक्रममा सामाग्री तथा विधिहरुका परिमार्जन गरिन्छन् । यसको लागि योजनाबद्ध मूल्याङ्कनको आवश्यकता पर्दछ । यसले पाठ्यक्रमको सामान्य शैक्षिक उपलब्धिहरुको लेखाजोखा गरेर आवश्यकताहरु परिपूर्ति भएको नभएको छुट्याई पाठ्यक्रममा सुधारका पक्षहरुलाई औंल्याउन सक्दछ (जबरा र अन्य, २०६५) ।

समाजमा वस्ने चेतनशील तथा सामाजिक प्राणीको रुपमा मानिसलाई लिन सकिन्छ । जसको कारणले ऊ सामाजिक, आर्थिक, राजनीतिक तथा प्राकृतिक वातावरणबाट प्रभावित हुने गर्दछ । समाजका प्राय सवै घटना तथा वस्तुहरुमा समयको अन्तरालमा परिवर्तन आउँछ । त्यस्तो बेला समयानुकूल हुनसकेमा मात्र अस्तित्व कायम रहन सक्दछ ।

मानिसलाई उसको बातावरण, समाज, परिस्थिति र आवश्यकता अनुसार समयोजित हुनका लागि निश्चित सीप, कूशलता तथा शिक्षाको आवश्यकता पर्दछ । मानिस तथा खासगरी विद्यार्थीलाई समयसापेक्ष सक्षम बनाउन अध्ययन अध्यापन कार्यमा समावेश गरिने विभिन्न विषयमध्ये सामाजिक अध्ययन पनि एक हो (लुइटेल, २०५६) ।

समाजको बारेमा थुप्रै परिभाषा भएता पनि वास्तबमा समाज व्यक्तिहरुको समूह मात्र नभएर मानवीय सम्बन्धको एउटा प्रक्रियागत ढाँचा हो । यो एउटा संरचना तबमात्र संभव हुन्छ जब संरचनाका एकाइहरुबीच सम्बन्ध रहन सक्दछ । त्यसमा अन्तरक्रिया रहनु समाजलाई मानवीय ब्यवहार र सम्बन्धको समुच्य ब्यवस्थाका रुपमा हेर्न सकिन्छ । समाज वृहत छ , जसभित्र अनेकौ एकाइहरु र त्यसभित्र समानता, विभिन्नता , सहयोग , संघर्ष, प्रतिस्पर्धा आदि देख्न सकिन्छ । समाजशास्त्र औद्यौगिक र राजनैतिक असन्तुष्टि तथा अवरोधको उपज हो । अठारौं शताब्दीको औद्यौगिक क्रान्तिले बजार संयन्त्रलाई व्यापक पाऱ्यो । बजारको विस्तारले व्यापार वाणिज्यलाई वढी सस्थागत गर्दै लग्यो । यस परिपाटीले ग्रामीण उत्पादन संरचनामा व्यापक परिवर्तन ल्यायो । यसका साथै मानिसको गतिशीलता वढ्यो । बसाई सराई हुदै  सहरको बिकास हुन गयो । समाजको संरचनामा परिवर्तन ल्यायो । यो परिवर्तनको प्रकृयाको स्वरुप र प्रभावलाई बुझ्ने सर्न्दभमा समाजशास्त्र विषयको विकास भयो । यसले हरेक तहको सामाजिक सम्बन्धको अध्ययनलाई जोड दियो । समाजमा भएका, देखिएका वा उत्पन्न भएका समस्याहरुको बारेमा अध्ययन गर्न थालियो । औद्यौगिक समस्या, मजदुर समस्या तथा सामाजिक मूल्य मान्यता र परम्परामा देखिएका विचलन र समायोजनका क्रममा देखिएका समस्याका बारेमा अध्ययन गर्नका लागि समाजशास्त्रीय ज्ञान, बिधि तथा दर्शनका आवश्यकता महसुस भयो । यसै सन्दर्भमा समाजशास्त्रीय ज्ञानको पनि विकास भयो । यिनै घटना, परिवर्तन तथा अवस्थाबाटै विभिन्न समाजशास्त्रीहरुले अवधारणा सिद्वान्त प्रतिपादन गरे । अगस्ट कम्टे हर्बट स्पेन्स, मेक्स वेवर, इमाइल दुर्खिम तथा कार्लमार्क्सको समाजशास्त्रको विकासमा रहेको योगदान महत्वपूर्ण मान्न सकिन्छ  (ऐर, २०६७) ।

सामाजिक अध्ययन एक समस्टिगत विषय भएता पनि यसले एक सुनिश्चित अर्थ बुझाउँदछ । यसले प्रारम्भिक विद्यालयको पाठ्यक्रम बुझाउँदछ जसले मानवको अध्ययनसंग सम्बन्ध हुनाका साथै यसमा एक व्यक्तिका अरु मानिस र वातावरण सितको सम्बन्धको पनि अध्ययन गरिन्छ  (जोन जोरोलिमिक, १९७३) ।

## १.२ समस्याको कथन

सामाजिक शिक्षालाई समाज सुधारमा केन्द्रित एउटा छुट्टै तर अति उपयोगी विषयका रुपमा लिन सकिन्छ । वर्तमान समयमा हाम्रो गाँउघर तथा समाजमा सभ्य तथा चेतनशील नागरिक उत्पादन गरी सभ्य समाज निर्माण गर्नमा सामाजिक शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ । हाम्रो समाज परिवर्तनको संघारमा छ । देशमा आएको परिवर्तनले नयाँ दिशातिर ठेलिरहेको छ । हरेक प्रकारका परिवर्तनहरुले आकार लिन थालिसकेकाले गर्दा पुरानोबाट छुट्टिने र नयाँतिर प्रवेश गर्ने परिस्थितिमा हामी उभिएका छौं । यसमा पनि हाम्रो विद्यामान पाठ्यक्रमले परिमार्जनको प्रतिक्षा गरिरहेको छ । अझ यो सामाजिक, साँस्कृतिक तथा राजनीतिक परिवर्तनका परिदृश्यले तिनीहरुलाई समय सापेक्ष बनाउनुपर्ने बेला आएकोछ । मानिसका धेरै मूल्य मान्यता फेरिरहेका छन् । यस परिप्रेक्षमा माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमले प्रभावकारी भूमिका निर्वाह गर्न नसक्नु, पाठ्यक्रमको कार्यान्वयन पक्ष फितलो हुनु, शिक्षकले पाठको पूर्व तयारी नगर्नु, पाठ्यक्रमले राखेको उद्देश्य अनुरुप पठन-पाठन नुहुनु, शैक्षिक सामग्रीको प्रभावकारी प्रयोग नहुनु, उपयुक्त शिक्षण क्रियाकलाप तथा विधिको प्रयोग नहुनु , योजनावद्ध शिक्षण सिकाइ नहुनु, मूल्याङ्कन प्रणाली प्रभावकारी नहुनु जस्ता समस्याहरुमा केन्द्रित रहेको छ ।

## १.३ अध्ययनको औचित्य

सामाजिक अध्ययनले समुदायसंग प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ । यसले समाजको माग तथा आवश्यकता पूरागर्न सहयोग पुऱ्याउनुपर्छ । त्यसका लागि यसले के-कति समाजमा प्रभाव पारेको छ, सामाजिक अध्ययन विषयको प्रभावकारिता त्यो विषयसंग सम्बन्धित बिद्यार्थी, शिक्षक, प्र.अ., अभिभावक र अन्य सम्बन्धित व्यक्तिहरुको हेराई वा दृष्टिकोण कस्तो रहेको छ भन्ने विषयमा अध्ययन गरिने भएकोले यस अध्ययनको महत्वलाई पुष्टि गरेको छ । हरेक कुराको आ-आफ्नै महत्व हुन्छ । महत्व विनाको कुनै वस्तु हुदैन । माध्यमिक तह उच्च शिक्षाको आधार हो । माध्यमिक तहमा हरेक विषयको सही तथा उचित तरिकाले कार्यान्वयन तथा शिक्षण गराइएन भने न त शिक्षाको लक्ष्य पूरा हुन्छ न माध्यमिक तहको उद्देश्य पूरा हुन्छ । त्यसकारण हरेक तहको पाठ्यक्रम कार्यान्वयनमा सही रुपमा प्रयोग गर्नु आवश्यक छ । प्रभावकारी शिक्षणका लागि अपनाइने प्रभावकारी एवम् भरपर्दो सञ्चार माध्यम नै शिक्षण विधि भएकाले प्रभावकारी शिक्षणका लागि शिक्षण विधि, शिक्षण सामग्री, शिक्षणका लागि गरिने पूर्व तयारी महत्वपूर्ण मानिन्छ ।

विद्यार्थीको ज्ञान, सीप र अभिवृद्धिमा सुधार ल्याउन विषयवस्तु अनुरुप शिक्षण तथा शिक्षण सामग्रीको प्रयोग गरिनु पर्दछ । यस अध्ययनले सामाजिक शिक्षा पाठ्यक्रम कार्यान्वयनमा भइरहेको अवस्थाको जानकारी गराउने हुनाले समेत यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

शैक्षिक प्रक्रिया कार्यान्वयन गर्ने पक्षमा राम्ररी सञ्चालन गर्न सकेन भने शैक्षिक उपलब्धि हासिल गर्नमा समस्या आउन सक्छ । शिक्षकले शिक्षण गर्दा के कस्ता समस्या आउन सक्छन् ती समस्याहरु समाधान गर्न सकेमा माध्यमिक तहको उद्देश्य/सामाजिक अध्ययनको उद्देश्य तथा बालबालिकाको भविष्य, दक्ष जनशक्ति उत्पादन गर्न सकिने हुन जान्छ ।

विषयवस्तुको अध्ययन भन्दा शिक्षण प्रक्रियाको प्रभावकारीता संचालनमा यस अध्ययनको महत्व रहन जान्छ । हाम्रो देशमा विद्यालयहरुमा सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकको पूर्व तयारी कस्तो छ ? शिक्षकले के कस्ता शिक्षण विधि प्रयोग गर्दछन् ? के कस्ता सामग्री उपलब्ध छन् ? यिनै कुरालाई मध्यनजर गरी अध्ययन गरिने हुंदा यस अध्ययनको महत्व रहेको छ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका लागि निम्नानुसारका उद्देश्यहरु राखिएका छन् ।

१) माध्यमिक तहमा अध्यापन गराइने सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयन प्रक्रियाको अबस्था पहिचान गर्नु ।

२) सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिताको विश्लेषण गर्नु ।

३) सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु पहिचान गरी सुझावहरु प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

माथिका उद्देश्यहरु परिपूर्तिका लागि निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरु तयार गरिएको छ ।

१) माध्यमिक तहमा सामाजिक शिक्षा पाठ्यक्रमको निर्माण गर्दा के-कस्ता कुराहरुलाई आधार बनाइएको छ ?

२) सामाजिक शिक्षा पाठ्यक्रमको कार्यान्वयनको क्रममा सम्बन्धित सरोकारवालाहरुको भूमिका कस्तो रहेको छ ?

३)	पाठ्यक्रम कार्यान्वयनको क्रममा देखिएका समस्याहरु के-के हुन ?

४)	पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयार पारिएका छन/छैनन् ?

५)	पाठ्यक्रमले समाजमा कस्तो प्रभाव परेको छ ?

६)	सामाजिक शिक्षा पाठ्यक्रमले राखेका उद्देश्य अनुसारका कार्यहरु पुराहुन सकेका छन/ छैनन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई अनुसन्धानकर्ताको विषयको गाम्भिर्यतालाई नियाल्दै मोरङ्ग जिल्लाको वरडंगा श्रोत केन्द्र भित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरुको कक्षा ९ र १० मा लागू भइरहेको सामाजिक शिक्षा विषयको पाठ्यक्रममा अध्ययनलाई केन्द्रित गरिएको छ ।

वरडंगा श्रोत केन्द्र भित्रका तीनवटा सामुदायिक माध्यमिक विद्यालयहरुमा यो अध्ययन सिमित गरिएको छ । उक्त मा.वि.मा कार्यरत प्र.अ., शिक्षकहरु, अध्ययनरत विद्यार्थीहरु , अभिभावक, वि.व्य.स.का पदाधिकारी , श्रोतव्यक्ति र वि.नि.समेत यस अध्ययन भित्र समावेश गरिएको छ । अध्ययनकर्ताको सिमित स्रोत र साधनहरुको परिधिभित्र रहेर छोटो भन्दा छोटो समयमा यो अनुसन्धान तयार गरिएको छ । मोरङ्ग जिल्लाको बरडंगा स्रोतकेन्द्र अन्तरर्गत सञ्चालित श्री सरस्वती उ.मा.वि.कल्याणपुर, श्री मा.वि. झुर्किया र श्री आदर्श उ.मा.वि. डाइनियामा मात्र यस अध्ययनलाई सिमित गरिएको छ ।

## १.७ परिभाषा र व्याख्या

सामुदायिक विद्यालय :  नेपाल सरकारद्वारा नियमित रुपमा अनुदान पाउने गरी सञ्चालित विद्यालय ।

| | |
|---|---|
| माध्यमिक विद्यालय | : कक्षा १० सम्म पढाइ हुने विद्यालय । |
| सामाजिक शिक्षा | : माध्यमिक तहमा पढाइ हुने सामाजिक विषय । |
| पाठ्यक्रम | : माध्यमिक तहमा अध्यापन गराइने सामाजिक शिक्षा विषयको पाठ्यक्रम । |
| वि.व्य.स. | : सामुदायिक माध्यमिक विद्यालयको वि.व्य.स. । |
| शि.अ.संघ | : सामुदायिक माध्यमिक विद्यालयको शि.अ.संघ । |
| अभिभावक | : कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरुको अभिभावक । |
| विद्यार्थी | : कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरु । |

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पूनरावलोकन र सैद्धान्तिक ढाँचा

## २.१ सम्बन्धित साहित्यको पूनरावलोकन

पाठ्यक्रम् कार्यान्वयनको सम्बन्धमा समय समयमा विभिन्न लेखहरु प्रकाशित भइरहेका छन् । ती लेखहरुले पाठ्यक्रम कार्यान्वयनमा सहयोग पुग्ने भएकाले यस अध्ययनमा पाठ्यक्रम् कार्यान्वयन सम्बन्धि लेखहरुलाई विश्लेषण गरिएको छ ।

**पाल** (२०६३) को शोधपत्रका अनुसार निम्न माध्यमिक तहको सामाजिक शिक्षा विषयमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरुद्वारा गरिने शिक्षण क्रियाकलाप, मूल्याङ्कन प्रक्रिया र विद्यार्थी उपलब्धिको तुलना अध्ययन गर्दा ४० प्रतिशत शिक्षक तालिम अप्राप्त, विषयगत योग्यता नभएका शिक्षकहरुबाट विषय अध्यापन, कसैले पनि पाठयोजना नबनाएको, शैक्षिक सामग्री कमैले मात्र गर्ने गरेको, तालिम प्राप्तले तालिम अप्राप्त भन्दा बढी प्रभावकारी ढंगको उत्प्रेरणा तथा विद्यार्थी मूल्याङ्कन गरेको, तालिम प्राप्तको तुलनामा अप्राप्तले राम्रो कक्षा व्यवस्थापन गरेको, विद्यार्थी मूल्याङ्कनमा त्रैमासिक र वार्षिक परीक्षा मात्र लिने गरेको, विशिष्टीकरण तालिका अनुसार प्रश्न नदिने गरिएको दुई मात्र विकल्प भएको प्रश्न कसैले पनि निर्माण नगर्ने गरेको पाइयो (पाल , २०६३) ।

**जवरा, श्रेष्ठ र रञ्जितकार** (२०६५) का अनुसार यूरोप महादेशमा परीक्षण सेवाको विस्तारमा चिनियाँ प्रभावको विशेष भूमिका थियो । ब्रिटिस मेसनरीहरुले चिनियाँ परीक्षण प्रणाली बारे ज्ञान संयूक्त अधिराज्य सम्म पुऱ्याए र सर्वप्रथम इष्ट इण्डिया कम्पनीले सन् १८३२ मा बाह्य सेवाको लागि कर्मचारी छनौट गर्न परीक्षणलाई प्रयोग गरियो । यसको सफलता पश्चात संयूक्त अधिराज्यले सन् १८५५ देखि कर्मचारी छनौटमा पनि परीक्षणलाई प्रयोग गरियो । यसको प्रभाव विस्तार अन्य यूरोपिय देश फ्रान्स र जर्मनीमा पनि विस्तारै विस्तारै बढ्दै गयो (**जवरा, श्रेष्ठ र रञ्जितकार, २०६५**) ।

**पाठ्यक्रम् विकास केन्द्र** (२०६५) ले उल्लेख गरे अनुसार प्राथमिक तहदेखि माध्यमिक तहसम्म सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनको प्रभावकारीता सम्बन्धमा हेर्ने हो भने पनि त्यति सन्तोषजनक अवस्था नभएतापनि स्रोत साधनको अभावमा पनि सो विषयको पाठ्यक्रम कार्यान्वयनमा आएको छ । प्राथमिक तहमा दिइने ज्ञानको क्षेत्र माथिल्लो तहको भन्दा फरक हुन्छ । प्राथमिक तहमा बालबालिकाहरु प्रायजसो प्रदर्शनी विधिद्वारा

सिक्ने गर्दछन् भने माध्यमिक तहका विद्यार्थीहरुलाई यस विषय अध्यापन गराउँदा प्रदर्शनी, छलफल, क्रियाकलाप, क्षेत्र भ्रमण जस्ता विधिबाट अध्यापन गराउँदा वढी सक्रिय सहभागी हुने गर्दछन् । हाम्रो देशको परिवेशमा सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयन गर्दा दक्ष, तालिमप्राप्त शिक्षकको व्यवस्था हुनु पर्ने, आवश्यक शैक्षिक सामाग्रीहरु उपलब्ध हुनु पर्ने, अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने जस्ता सिद्वान्त अवलम्बन गरेता पनि त्यसको अभावमा शिक्षण कार्य भइरहेको छ । माध्यमिक तहमा सामाजिक शिक्षाको मुख्य उदेश्य भन्नाले असल, कुशल, स्वावलम्बी, आफू र आफ्नो समूदाय प्रति उत्तरदायिपूर्ण भूमिका निर्वाह गर्ने, संरक्षण, सम्वर्द्धन गर्न सक्ने नागरिक तयार गर्ने रहिआएको छ । सामाजिक शिक्षाको उद्देश्य अनुरुप शिक्षण गर्नुपर्ने, राष्ट्रिय नीति नियम भएता पनि त्यसको सही रुपमा व्यावहारिक प्रयोग नहुँदा शैक्षिक उपलब्धि तथा सामाजिक शिक्षाले दिन खोजेको ज्ञान अपूर्ण रहन जान्छ । सैद्वान्तिक तथा राष्ट्रिय नीति एकातिर राखेर अध्ययन अध्यापन गराउने कार्य हुंदा राष्ट्र, समाजले चाहेको जनशक्तिको अभाव खड्कन जान्छ (पाठ्यक्रम विकास केन्द्र, २०६५)।

**आचार्य** (२००४) ले यसको कार्यान्वयन अवस्था हेर्न "माध्यमिक तहको सामाजिक शिक्षा शिक्षणमा शैक्षिक सामाग्रीको उपलब्धता र प्रयोगको अवस्था" सम्वन्धि अध्ययन गर्नु भएको थियो । उनले यो अध्ययन सामाजिक शिक्षा शिक्षणका लागि शैक्षिक सामाग्रीको अवस्था, उपलब्धता, मुल्याङ्कन सामाग्री प्रयोग गर्न नसक्नाको कारणहरु पत्ता लगाउने उद्देश्यले गर्नु भएको थियो । छनौटमा परेका विद्यालयहरुमा प्रधानाध्यापक, सामाजिक विषयका विषय शिक्षक, कक्षा अवलोकन छलफल, अन्तरवार्ताको आधारमा आवश्यक तथ्याङ्क संकलन यसका साथै पाठ्यक्रम, पाठ्यपुस्तक, निर्देशिकालाई पनि सामाग्रीको रुपमा प्रयोग गर्नु भएको थियो । अध्ययनको प्राप्तिका रुपमा शिक्षक निर्देशीका अनुरुप सामाजिक शिक्षा अध्यापन गर्दा सामग्रीकै अभाव, सामाग्री खरीद गर्न पनि बजारमा अभाव रहेको, सामाजिक शिक्षालाई सामान्य र सरल विषयको रुपमा लिएको, तालिम प्राप्त शिक्षकको अभाव, शिक्षकलाई कक्षा पनि बढी रहेका जस्ता समस्या उल्लेख गर्नु भएको पाइन्छ । समस्या सामाधानका उपायहरु पनि उल्लेख थिए । जसलाई पछि अध्ययन गर्नका लागि सहयोगका रुपमा राख्नु भएको पाइन्छ । प्रस्तुत आचार्यद्वारा लिखित शोधपत्रले मेरो अध्ययनको क्षेत्रमा ठूलो सहयोग पुऱ्याएको छ (आचार्य ,२००४) ।

**ढकाल** ( **२०५७** ) ले पनि सार्वजानिक विद्यालयहरुमा कक्षा ८ को सामाजिक शिक्षा विषय शिक्षण गर्दा शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरु शिक्षक केन्द्रित वा तालिम प्रांप्त र तालिम अप्राप्त शिक्षकहरुले प्रयोग गरेको  शिक्षण विधि बीच फरक छन् कि छैनन् भनी पत्ता लगाउनु विद्यार्थीको उपलब्धिको तुलना गर्नु र विद्यार्थीको उपलब्धिमा वृद्वि गर्न कुन शिक्षण विधिको प्रयोग गर्ने भनी आवश्यक सुझावहरु दिनु भएको थियो । (ढकाल, २०५७) ।

**भण्डारी** (**२०६५**) द्वारा लिखित “निशुल्क प्राथमिक शिक्षा कार्यान्वयनको अवस्था” शिर्षकमा अनुसन्धान गर्दा निशुल्क प्राथमिक शिक्षा कार्यान्वयनको अवस्था पहिचान गर्नु र कार्यान्वयनमा आइपरेका समस्या पत्ता लगाउनु रहेको थियो ( भण्डारी २०६५) ।

यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको समीक्षा गर्ने सिलसिलामा मेरो अध्ययनलाई ठूलो सहयोग पुगेको छ । वास्तवमा पाठ्यक्रमको शैक्षिक क्षेत्रको वृहत रुपरेखा हो । माध्यमिक तहको विद्यार्थीको हातमा उपलब्ध पाठ्यक्रमको रुवरुप हो । पाठ्ययक्रम एक शैक्षिक क्षेत्रभित्र विद्यालय भित्र गरिने सम्पूर्ण क्रियाकलापको सङ्गालो हो । पाठ्यक्रम सर्न्दभमा थुपै अवधारणा भए तापनि निश्चित विषयवस्तु समेटेर तयार पारिएको सिकाइको योजना हो । हाम्रो देशको शैक्षिक संरचना भित्र विभिन्न तहमा विभक्त संरचना हरेक तहका विद्यार्थीलाई कतिसम्म ज्ञान दिने भनी विषयवस्तु तयार हुन्छन् । त्यसैअनुसार पाठ्यपुस्तक तयार गरिन्छ । माध्यमिक शिक्षा उच्च शिक्षाको आधार शिक्षा हो ।

यस तहमा अध्ययनअध्यापन राम्रोसँग गर्न नसकेमा शैक्षिक उपलब्धि तथा शैक्षिक लगानीमा ठूलो नोक्सान हुन्छ । त्यस तहमा अध्यापन गराइने विषय वस्तु मध्ये सामाजिक अध्ययन पनि एक हो । सामाजिक अध्ययनभित्र समाजका विभिन्न क्रियाकलाप समाज, राष्ट्र, अन्तराष्ट्रिय सम्बन्ध आर्थिक क्रियाकलाप, वरपरको वातावरण जस्ता परिवर्तनशील समाजको घटना क्रमको बारेमा ज्ञान दिने विषयवस्तु सामाजिक शिक्षाको पाठ्यक्रममा समावेश हुन्छन् । ती विषयवस्तु कसरी विद्यार्थी साम् पु¥याउने ? कसरी कार्यान्वयन गर्ने सम्वन्धी राष्ट्रिय नीति, नियम, निर्देशिका तयार पारिएको हुन्छ । शिक्षण विधि, शिक्षण सामाग्री, शिक्षण क्रियाकलाप, अनुगमन तथा मूल्याङ्कन जस्ता कुरा समावेश हुन्छन । त्यस अनुसार शिक्षकले पूर्व तयारी कस्तो गर्दछ ? गरेको छ कि छैन ?

के कस्ता समस्या छन् र समाधानका उपाय के कस्ता अपनाउन सकिन्छ ? शिक्षक र विद्यार्थीको सहभागिता कस्तो छ ? सो कुराको जानकारी यस अध्ययनले दिन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक ढाँचा

**जोन डिवे**का अनुसार एक असल सिद्धान्त भन्दा व्यवहारिक वा प्रयोगात्मक अरु केही हुदैन । कुनै पनि सिद्धान्त व्यवहारिक हुनै पर्दछ र अभ्यासलाई मार्गदर्शन गर्नुपर्दछ । भौतिक तथा प्राकृतिक विज्ञानको क्षेत्रमा सिद्धान्त भन्नाले कुनैपनि समस्याको विषयमा निहित विभिन्न चरहरुको बीचको कारण- प्रभाव सम्बन्ध बारेमा अध्ययन गरी प्राप्त तथ्याङ्कको आधारमा निकालिएको सामान्यीकृत वाक्यांश नै सिद्धान्त हो । बैज्ञानिक सिद्धान्त र व्यवहारिक विधाको सिद्धान्त बीचमा प्रयोगका दृष्टिले केही फरक देखिन्छ । बैज्ञानिक सिद्धान्त ज्ञानका लागि ज्ञानको रुपमा मात्र रहन सक्दछ । कारण प्रभाव सम्बन्धको रुपमा स्थापित हुन्छ । तर व्यवहारिक विज्ञानका सिद्धान्तले प्रयोगात्मक पक्षलाई जोड दिन्छ ( खनाल, २०६४) ।

**राल्फस टायलर**ले सन् १९४९ मा एउटा पाठ्यक्रम विकासको चरणको नमूना प्रयोग र प्रचलनमा ल्याए । उक्त नमूनाको प्रयोग र महत्व निकै महत्वपूर्ण रहेकोछ । टायलरले आफ्नो नमूनालाई चार चरणमा विभाजन गरेकाछन् । उनले यहाँ चारवटा आधारभूत प्रश्नको रुपमा प्रस्तुत गरेका नमूनामा तयार गरिने उत्तरले पाठ्यक्रमको योजना तयार हुने कुरामा विश्वास लिएकाछन । उनको नमूना यस प्रकारछन् । उद्देश्यको रुपमा, विषयवस्तुको रुपमा, शिक्षण विधिको रुपमा, मूल्याङ्कनको रुपमा । उनको भनाइ अनुसार कुनै पनि विद्यालय कार्यक्रम वा पाठ्यक्रमका शैक्षिक उद्देश्यहरु कति प्राप्त भए भनेर निर्धारण गर्ने पक्रिया नै मूल्याङ्कन हो । यसरी उद्देश्यलाई मूल्याङ्कनको अर्गनाइजर वा प्रमुखआधारको रुपमा लिएर विकास गरिएको व्यवस्थित, वैज्ञानिक, तार्किक, र स्पष्ट आधार भएको नमूना नै टायलरको नमूना हो (खनाल,तिमिल्सीना, २०६१) ।

**क्रोनब्याक (१९७० ए.डी)** ले पाठ्यक्रम सुधारमा मूल्याङ्कनको भूमिकालाई पनि स्पष्ट पारेका छन् । उनका अनुसार पाठ्यक्रम सुधारको एक व्यापक समसामयिक र भौगोलिक दृष्टिकोण हुन्छ । अर्थात पाठ्यक्रमले एक निश्चित देश, काल र परिस्थितिको आवश्यकताको परिपूर्ति गर्नुपर्दछ । यसै आधारमा पाठ्यक्रमका सामग्री तथा विधिहरुको परिमार्जन गरिन्छ । यसको लागि योजनाबद्ध मूल्याङ्कनको आवश्यकता पर्दछ । यसले पाठ्यक्रम सामान्य शैक्षिक उपलब्धिहरुको लेखाजोखा गरेर आवश्यकताहरु परिपूर्ति भएको नभएको छुट्याई पाठ्यक्रममा सुधारका पक्षहरुलाई औल्याउन सक्दछ (ज.व.रा., श्रेष्ठ र रन्जितकार, २०६५) ।

## २.३ शैक्षिक उपादेयताहरु

माध्यमिक तहमा सामाजिक शिक्षा पाठ्यक्रमको प्रभावकारिता अध्ययन गर्ने क्रममा मानव सम्बन्ध सिद्धान्तलाई आधार मानी विद्यालयको प्र.अ., शिक्षक शिक्षिकाहरु, वि.व्य.समिति तथा अभिभावकहरुले आपसी सम्बन्ध कायम गरी सकारात्मक सोचलाई अंगालेर अगाडि बढ्नु पर्दछ भन्ने दृष्टिकोण राखिएको छ । शिक्षण संस्थाहरु सामाजिक सेवाका लागि स्थापना गरिएका हुन् र पाठ्यक्रम भनेको नै सामाजिक प्रणालीको एक रुप हो । यो सिद्धान्तको साहित्यले यो अध्ययनलाई वैधता प्रदान गर्न सहयोग गर्ने छ भन्ने आशा गरिएको छ ।

# परिच्छेद : तीन

## अनुसन्धनात्मक विधि

### ३.१ अनुसन्धानात्मक ढाँचा

कुनै पनि अध्ययन अनुसन्धान आफैंमा महत्वपूर्ण र जटिल कार्य हो । अनुसन्धानले कुनै पनि विषय वा समस्याको बारेमा विस्तृत जानकारी प्रदान गरी निश्चित निष्कर्षमा पुग्न मद्दत गर्दछ । यस अनुसन्धानमा गुणात्मक तथा परिमाणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ ।

### ३.२ जनसङ्ख्या

यस अध्ययनमा मोरङ्ग जिल्लाको बरडंगा स्रोतकेन्द्र भित्र रहेका वरडंगा, डाइनिया र झुर्किया गा.वि.स.मा सञ्चालनमा रहेका सामुदायिक माध्यमिक विद्यालयहरु,त्यहाँ कार्यरत प्र.अ., शिक्षक, अध्ययनरत विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति, वि.नि, वि.व्य.स. का अध्यक्ष , शि.अ. संघका अध्यक्ष समेत यस अध्ययनको लागि जनसङ्ख्याको रुपमा रहेकाछन् ।

### ३.३ नमूना छनोट प्रक्रिया

यस अध्ययनका लागि नमूना छनोट गर्दा उद्देश्यपूर्ण नमूना छनौट र याद्रृच्छिक नमूना छनौट प्रयोग गरिएको छ ।

### ३.४ नमूनाको आकार

यस अध्ययन कार्यको लागि आवश्यक पर्ने सूचना संकलन गर्न प्रत्येक तीनवटै विद्यालयहरुबाट एक/एक जना प्र.अ., एक/एक जना सम्बन्धित विषय शिक्षक, पाँच/पाँच जना विद्यार्थीहरु, दुई/दुई जना अभिभावकहरु, एक/एक जना वि. व्य. स. का अध्यक्षहरु, एक/एक जना शि. अ. संघका अध्यक्षहरु, एक जना स्रोत व्यक्ति तथा एक जना वि. नि. रहनेछन् । (अनुसूची १,२ र ३)

### ३.५ नमूना छनौटको आधार

यस अनुसन्धानको नमूना छनोट गर्दा साधन, श्रोत र समयको उपलब्धतालाई मुल आधारको रुपमा लिइएको छ । यसका साथै मोरङ्ग जिल्ला जस्तो सुगम क्षेत्रमा भएर पनि बत्ती मुनिको अध्यारो भने झैं राज्यको सम्बन्धित निकायले अहिलेसम्म ध्यान नपुर्‍याएको ,

गरिव तथा विपन्नवर्गका विद्यार्थीहरु पढ्ने विद्यालय भएको कारणले गर्दा उक्त विद्यालयहरु मेरो अध्ययनको नमूना छनौटमा परेका हुन् । ( अनुसूची १ 'क' )

## ३.६ अनुसन्धानको साधन

यो अनुसन्धान गुणात्मक तथा परिमाणात्मक सूचना संकलन प्रकृयामा आधारित रहेर तयार गरिएको हुनाले यसका लागि लक्षित समुह छलफल, असंरचित अन्तरवार्ता, सहभागिता मूलक अवलोकन र दस्तावेज अध्ययन जस्ता साधनहरुको छनौट गरिएको छ । (अनुसूची ४, ५, ६, ७, ८ र ९ )

## ३.७ साधनको वैधता

यस अध्ययनसंग सम्बन्धित सूचनाहरुको संकलन गर्न निर्माण गरिएका साधनहरुको वैधता तथा विश्वसनियता स्थापित गर्नका लागि आफ्ना सहपाठी साथीहरु बीच छलफल गराइएको छ । प्राप्त विचारहरुबाट साधनहरु परिमार्जन गरी शोध निर्देशकको सल्लाह तथा सम्बन्धित क्षेत्रको विषय विशेषज्ञद्वारा निर्दिष्ट सुझावलाई मूख्य आधार मानी छनौट गरिएका साधनहरुको वैधता स्थापित गरिएको छ ।

## ३.८ तथ्याङ्कको श्रोत

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्यांकहरु प्राप्त गर्न प्राथमिक तथा द्वितीय दुबै किसिमका तथ्यांकका श्रोतहरुको प्रयोग गरिएको छ ।

## ३.९ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनका लागि आवश्यक पर्ने सूचना संकलन गर्न अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई अध्ययनका लागि तयार पारिएका साधनको प्रयोग गरी सूचना संकलन प्रक्रिया अगाडि बढाइएको छ । अध्ययनकर्तालाई सजिलो तथा नमूना छनोटमा परेका विद्यालयमा पुग्न मोरङ्ग जिल्लाको बरडंगा, डाइनिया तथा झुर्किया गा.वि.स. मा रहेका तीनवटा मा.वि.को माध्यमिक तहमा सामाजिक शिक्षा अध्यापन गराउने विषय शिक्षकसँग प्रत्यक्ष रुपमा अन्तरवार्ता लिइएको छ । विद्यालयमा सञ्चालन गरिएको पठन-पाठन प्रक्रिया, शैक्षिक सामग्रीको प्रयोगको अवस्था, विद्यार्थीको सहभागीता लगायतका कार्यहरुको सन्दर्भमा अन्तवार्ता तथा कक्षा अवलोकन गरिएको छ । सुकुना बहुमुखी क्याम्पसबाट करिव ३० कि.मि. पूर्व उर्लावारीबाट करिव २९ कि.मि. दक्षिणमा रहेको वरडंगा स्रोतकेन्द्रमा सञ्चालित ३ वटा माध्यमिक विद्यालयहरलाई तथ्याङ्क संकलन स्रोतको रुपमा छनौट गरिएको छ ।

श्री सरस्वती उ.मा.वि.स्रोतकेन्द्र विद्यालय रहेको, स्रोतकेन्द्र विद्यालयबाट करिव ४ कि.मि. पूर्व श्री मा.वि. झुर्किया एवम् करिव ८ कि.मि. पश्चिम श्री आदर्श उ.मा.वि. डाइनिया सञ्चालितछन् । उक्त ३ वटै विद्यालयहरुका कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरुलाई छलफलमा सहभागी गराई  शिक्षकले कक्षामा पढाउँदा के कस्ता सामग्री प्रयोग गर्ने गरेको, पाठ्यक्रम्मा निर्दिष्ट सिकाइ उपलब्धी हासिल हुने गरी क्रियाकलाप सञ्चालन गरे नगरेको जस्ता विविध पक्षबाट अध्ययनका लागि आवश्यक सूचना प्राप्त गर्न विद्यार्थीसँग छलफल गराइएको छ । अध्ययनकर्ता स्वयम् उपस्थित भई स्थलगत अध्ययन गर्न विद्यार्थीहरुको  उपस्थिति तथा पाठ्यक्रमको प्रभावकारिता थाहा पाउन सम्पूर्ण पक्षहरुबाट  जानकारी प्राप्त गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

अनुसन्धान कार्यका लागि चाहिने आवश्यक तथ्याङ्क प्राप्त गरिसकेपछि ती प्राप्त तथ्याङ्कलाई व्यवस्थित गरी व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययन कार्यबाट के कस्ता सूचना प्राप्त भए , प्राप्त भएका सूचनाहरुलाई क्रमबद्ध मिलाई बुँदागत रुपमा व्याख्या र बिश्लेषण गर्ने कार्य सम्पादन गरिएको छ । यस अध्ययनका निमित्त आवश्यक पर्ने सूचना र अन्तरवार्ता , कक्षा अवलोकन तथा विद्यार्थी समूह छलफल जस्ता साधनहरुको प्रयोग गरिएको थियो । यस अध्ययनको शीर्षक **माध्यमिक तहमा सामाजिक शिक्षा पाठ्यक्रमको प्रभावकारिता** रहेको छ । यस अध्ययनको लागि मोरङ्ग जिल्लाको बरडंगा, झुर्किया र डाईनिया गा. वि.स. मा रहेका तीन वटा मा.वि. तथा यस विषय अध्यापन गर्ने शिक्षक एक-एक जना र पाँच-पाँच जना विद्यार्थीहरुबाट सूचना संकलन गरिएको छ । प्राप्त तथ्याङ्कलाई गुणात्मक स्वरुपमा व्याख्या बिश्लेषण गरिएको छ ।

### ४.१ सामाजिक शिक्षा विषयको पाठ्यक्रमको स्वरुप

#### ४.१.१ माध्यमिक तहमा सामाजिक शिक्षाभित्र रहेका विषयबस्तुहरु

वर्तमान समयमा नेपालमा प्राथमिक तहदेखि माध्यमिक तह सम्म सामाजिक शिक्षा अनिवार्य विषयको रुपमा अध्यापन गराइदै आएको छ । यस विषयको पाठ्यक्रम इतिहास, भूगोल, अर्थशास्त्र, नागरिक शास्त्र आदि विषयका विषयबस्तुहरु समेटेर एकिकृत गरी माध्यमिक तहमा सामाजिक शिक्षा अध्यापनका लागि पाठ्यक्रम तयार पारिएको छ । यस विषयको माध्यमबाट माध्यमिक तहको शिक्षाको उद्देश्य राष्ट्रिय परम्परा, संस्कृति एवम् सामाजिक वातावरणको मूल्य र मान्यतासँग परिचित, सिर्जनशील, उद्यमशील सक्षम नागरिक तयार गर्नलाई पनि सामाजिक शिक्षाको महत्वपूर्ण भूमिका रहेको छ । यस विषयको माध्यमबाट राष्ट्र तथा अन्तराष्ट्रिय सम्बन्ध स्थापना गर्ने, व्यवहारिक, सामाजिक अन्तरक्रियासँग सम्बन्धित पक्षको ज्ञान दिलाउँछ । सामाजिक शिक्षामा विभिन्न प्रकृतिका विषयवस्तुहरु हुन्छन् । तिनका बारेमा शिक्षकलाई पूर्वज्ञान तथा पूर्वतयारीको पनि आवश्यकता पर्दछ । माध्यमिक तहमा तपसीलमा उल्लेखित विषयवस्तुहरु समावेश गरिएको छ ।

तालिका १ : सामाजिक शिक्षा कक्षा ९ र १० को पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु र शिक्षक निर्देशिकाले निर्दिष्ट गरेको शिक्षण विधिहरु

| क्र. स. | पढाई हुने विषयवस्तु | निर्देशित विधि | सामग्रीहरु | मूल्याङ्कन प्रकृया |
|---|---|---|---|---|
| १ | हामी र हाम्रो समुदाय र राष्ट्र | व्याख्यान, छलफल, प्रश्नोत्तर, क्षेत्र भ्रमण, अनुभव लेखन | नेपालको भौगोलिक नक्शा, नेपालमा सञ्चालित योजनाहरुको चार्ट । | विकास क्षेत्रको तुल्नात्मक अध्ययन, सञ्चालित योजना/ लामो तथा छोटो उत्तर आउने प्रश्नहरु ( ज्ञानबोध) प्रयोगात्मक - १ समालोचनात्मक - १ |
| २ | हाम्रा विकासका पूर्वाधार | व्याख्यान, छलफल, प्रश्नोत्तर, क्षेत्र भ्रमण, अनुभव लेखन, नोट टिपोट | विकासका पूर्वाधारहरु लेखिएको पोस्टर र चित्रहरु । | ज्ञानबोध सम्बन्धी - १ प्रयोगात्मक सम्बन्धी - १ |
| ३ | हाम्रो परम्परा सामाजिक मूल्य र मान्यताहरु | व्याख्यान, छलफल, प्रश्नोत्तर | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभूतिहरुको चित्रहरु/विभिन्न कला सम्बन्धी साधनहरु । | समालोचनात्मक चिन्तन तथा सिर्जनात्मक सीप- १, अभिबृति तथा मूल्य -१ |

| | | | | |
|---|---|---|---|---|
| ४ | सामाजिक समस्या र समाधान | व्याख्यान, छलफल, प्रर्दशन, क्षेत्र भ्रमण, अनुभव लेखन | सामाजिक समस्या तथा समाधानका उपायका बारेमा उल्लेखित पोस्टर, पम्प्लेट आदि । | ज्ञानबोध- १<br>समालोचनात्मक - १<br>अभिवृति - १ |
| ५ | नागरिक चेतना | व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रर्दशन, क्षेत्र भ्रमण | संविधानमा उल्लेखित मौलिक हक, सुशासन सम्बन्धी लेखहरु । | ज्ञानबोध- १<br>प्रयोगात्मक - १<br>अभिवृति - १ |
| ६ | हाम्रो पृथ्वी | व्याख्यान, छलफल, प्रश्नोत्तर, क्षेत्र भ्रमण | ग्लोब, विश्वको नक्शा, नेपालको नक्शा । | ज्ञानबोध- १<br>प्रयोगात्मक - १<br>सिर्जनात्मक - १ |
| ७ | हाम्रो विगत | व्याख्यान, छलफल, प्रश्नोत्तर, क्षेत्र भ्रमण | ऐतिहासिक घटनाहरुको विवरण । | ज्ञानबोध- १<br>प्रयोगात्मक - १<br>मूल्य/अभिवृति - १ |
| ८ | आर्थिक क्रियाकलाप | व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रदर्शनी | उद्योगधन्धा सञ्चालित चित्रहरु/पोस्टरहरु । | ज्ञानबोध- १<br>सिर्जनात्मक - १ |
| ९ | अन्तर्राष्ट्रिय सम्बन्ध शान्ति र सहयोग | अनुभव लेखन तथा प्रतिवेदन लेखन | सार्क राष्ट्रहरुको नक्शा, विश्व परिवेशको सम्बन्धमा उल्लेखित पोस्टरहरु । | ज्ञानबोध- १<br>सिर्जनात्मक - १ |

स्रोतः पाठ्यक्रम विकास केन्द्र, दोश्रो संस्करण २०६४, असोज ।

माथि उल्लेखित विषयवस्तुहरु समेटेर कक्षा ९ र १० मा अध्यापन गराइने सामाजिक शिक्षाको पाठ्यक्रम तयार पारिएको छ ।

उल्लेखित तालिकाबाट सामाजिक अध्ययनका विषयवस्तु, सामग्री, विधिका साथै मूल्याङ्कन प्रकृयाबारे प्रष्ट पार्न सकिन्छ । मूल्याङ्कनका सन्दर्भमा बि. एस. ब्लाम का अनुसार सामाजिक अध्ययनको मूल्याङ्कनको मूल्याङ्कन गर्ने विशिष्टिकरण तालिकाको प्रयोग गर्नुपर्ने बताएका छन् ।

२०६५ सालदेखि सामाजिक अध्ययन विषयको मूल्याङ्कन गर्नको निमित्त निम्न लिखित विशिष्टिकरण तालिका अनुसार मूल्याङ्कन गरिदै आएको छ ।

## तालिका नं. २ : विशिष्टिकरण तालिका

विषय : सामाजिक अध्ययन पूर्णाङ्क : १००

| एकाइ | विषय क्षेत्र | पाठ्यभार (%) | ज्ञान र बोध | | | प्रयोगात्मक तथा खोज मूलक सीप | | | समालोचनात्मक चिन्तन र सिर्जनात्मक सीप | | | अभिवृत्ति तथा मूल्य | | | जम्मा प्रश्न संख्या | जम्मा अंकभार | समय मिनेटमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लामो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | | | | |
| १ | हामी, हाम्रो समुदाय र राष्ट्र | ८ | | १ | | | | १ | | १ | | | | | ३ | ९ | १८ | |
| २ | हाम्रा विकासका पूर्वाधारहरु | ८ | | १ | | | १ | | | | | | | | २ | ८ | १६ | |
| ३ | हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताहरु | ८ | | | | | | | | १ | | | १ | | २ | ८ | १६ | |
| ४ | सामाजिक समस्या र समाधान | १० | | १ | | | | | | | १ | | १ | | ३ | ९ | १८ | |
| ५ | नागरिक चेतना | १४ | १ | | १ | | १ | | | | | | | १ | ४ | १४ | २३ | |
| ६ | हाम्रो पथ्वी | १६ | | १ | १ | १ | | १ | | | १ | | | | ५ | १६ | २७ | |
| ७ | हाम्रो विगत | १४ | | | १ | | १ | | १ | | | | | १ | ४ | १५ | २५ | |
| ८ | आर्थिक क्रियाकलाप | १४ | १ | | | | १ | | | | | | | | २ | १३ | २१ | |
| ९ | अर्न्राष्ट्रिय समझदारी, शान्ति र सहयोग | ८ | | १ | | | | | | १ | | | | | २ | ८ | १६ | |
| | कुल जम्मा | १०० | २ | ५ | ३ | १ | ४ | २ | १ | ३ | २ | | २ | २ | २६ | १०० | १८० | |

### अंक विभाजन

| प्रश्नको किसिम | प्रश्न सं | अंक विभाजन | जम्मा अंक भार |
|---|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ४ | १ प्र. X ९ अंक | ४ प्र. X ९ अंक = ३६ अंक |
| छोटो उत्तर आउने प्रश्न | १४ | १ प्र. X ४ अंक | १४ प्र. X ४ अंक = ५६ अंक |
| अति छोटो उत्तर आउने प्रश्न | ८ | १ प्र. X १ अंक | ८ प्र. X १ अंक = ८ अंक |
| जम्मा | २६ | जम्मा | १०० अंक |

### समय विभाजन

| |
|---|
| ४ प्रश्न × १३ मिनेट = ५२ मिनेट |
| १४ प्रश्न × ८ मिनेट = ११२ मिनेट |
| ८ प्रश्न × २ मिनेट = १६ मिनेट |
| जम्मा = १८० मिनेट (३ घन्टा ) |

स्रोत : विशिष्टिकरण तालिका २०६४

## ४.२ सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

यस विषयको पाठ्यक्रम पनि अरु विषयजस्तै अध्यापन गराउनु पर्ने हुन्छ । यस अध्ययनमा मोरङ्ग जिल्लाको बरडंगा, झुर्किया र डाइनिया गा.वि.स. मा अवस्थित मा.वि.हरु श्री सरस्वती उ.मा.वि कल्याणपुर.,श्री मा.वि .झुर्किया, श्री आदर्श उ.मा.वि.डाइनिया रहेकाछन् । ती विद्यालयहरुको माध्यमिक तहमा सामाजिक शिक्षा अध्यापन गराउने शिक्षकहरुले कसरी उक्त पाठ्यक्रम सञ्चालनमा ल्याएकाछन् , तिनीहरुको प्रकृया के छ, के कस्ता समस्याहरु रहेकाछन, तिनीहरुको सम्बन्धमा स्थलगत अध्ययन गरिएको थियो । यस विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था निम्न शीर्षकहरुमा केन्द्रित रहेर हेरियो ।

### ४.२.१ शिक्षकहरुको व्यवस्था

कुनै पनि काम गर्न ज्ञान सीपको आवश्यकता पर्दछ । सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिता सम्बन्धमा बुझ्न जाँदा ती विद्यालयहरुमा तालिम प्राप्त शिक्षकहरु नै रहेको पाइयो । विद्यार्थीको उमेर, रुचि र क्षमतालाई आधार मानेर शिक्षण गर्दा पाठ्यक्रमको उद्देश्य तथा सिकाइ उपलब्धि राम्रो हुन्छ । सामाजिक शिक्षा भित्र विभिन्न प्रकृतिका विषयवस्तु समावेश हुन्छन् । शिक्षकले ती सम्पूर्ण पक्षहरुको बारेमा जानकारी राख्नु पर्ने हुन्छ । नमुना छनोटमा परेका विद्यालयहरुमा विषय शिक्षक अनुभवी तथा योग्य रहेको पाइयो ।

तालिका नं. ३ : विषय शिक्षकको शैक्षिक योग्यता, तालिम र अनुभव

| क्र. सं. | विद्यालय | विद्यालय को कोड | मा.वि.तहमा जम्मा शिक्षक | सामाजिक विषय शिक्षक | योग्यता | विशिष्टिकरण विषय | अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री सरस्वती उ.मा.वि | 'क' | ५ | १ | बी.ए./ बी.एड | इतिहास | १६ | |
| २ | श्री मा.वि.झुर्किया | 'ख' | ५ | १ | बी.एड | अर्थशास्त्र | ३ | |
| ३ | श्री आदर्श उ.मा.वि. | 'ग' | ५ | १ | बी.ए./ बी.एड | इतिहास | ३२ | |

स्रोत : स्थलगल सर्वेक्षण २०६८ ।

तालिका नं. ३ मा उल्लेख गरे अनुसार श्री सरस्वती उ.मा.वि. कल्याणपुरमा मा.वि. तहमा जम्मा ५ जना शिक्षकहरु अध्यापनरत रहेको पाइयो । जसमा सामाजिक विषय अध्यापन गराउदै आउनु भएका शिक्षक श्री खगेन्द्रराज गौतम विगत १६ वर्षदेखि सामाजिक

विषयको शिक्षणमा अनवरत रुपमा लागि परिरहनु भएको छ । तालिम प्राप्त, विगत १६ वर्षको अनुभव तथा सहायक प्रधानाध्यापक समेत रहनु भएको उहाँले विद्यार्थीको उमेर,रुचि र क्षमतालाई आधार मानेर शिक्षण गर्दा पाठ्यक्रमको उद्देश्य तथा सिकाइ उपलब्धी राम्रो हुने कुरामा दावी गर्नुभयो ।

त्यसैगरी श्री मा.वि. झुर्कियामा विगत ३ वर्षदेखि सामाजिक विषय अध्यापन गराउदै आउनु भएकी शिक्षिका श्रीमती मालती सिंहले आफूसंग लामो अनुभव नभएता पनि पाठ्यक्रम र पाठ्यपुस्तकको पूर्व तयारी तथा विद्यार्थीको रुचिलाई बुझेर शिक्षण गर्दा प्रभावकारी  सिकाइ उपलब्धी हुने कुरा बताउनु भयो ।

विगत बत्तीस वर्षको अनुभव बटुलिसक्नु भएको श्री आदर्श उ.मा.वि.का सामाजिक विषय शिक्षक श्री पाण्डव प्रसाद साहका अनुसार समसामयिक तथा परिवर्तित सन्दर्भ अनुसार विद्यार्थीहरुलाई शिक्षण गर्दा सिकाइ उपलब्धी राम्रो तथा प्रभावकारी हुनेकुरा उल्लेख गर्नुभयो ।

### ४.२.२ पाठ्यक्रम कार्यान्वयनको अवस्था

पाठ्यक्रमको कार्यान्वयन सबैभन्दा महत्वपूर्ण पक्ष हो । विद्यालयमा गरिने सम्पूर्ण योजना कार्यान्वयनको क्षेत्रभित्र पर्दछन् । शैक्षिक योजनाहरु शैक्षिक कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी ढंगले संचालन गर्न आवश्यक पर्ने एउटा खाका हो । योजनाले शिक्षणलाई सही मार्गदर्शन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । एउटा विद्यालयले निम्नानुसारका योजनाहरु बनाउनु पर्ने हुन्छ :

क) दैनिक समयतालिका

ख) वार्षिक शैक्षिक योजना

ग) वार्षिक कार्ययोजना

घ) दैनिक पाठयोजना

अध्ययनका क्रममा प्रत्यक्ष स्थलगत भ्रमण तथा अवलोकन र शिक्षकहरुसंगको अन्तरवार्ताबाट पनि ती विद्यालयहरुमा सम्पूर्ण योजनाहरु बनाइने गरेको पाइयो । दैनिक समय तालिका लगायत अन्य योजनाले आफ्नो अध्यापन कार्यलाई सहयोग गरेको कुरा सम्बन्धित विषय शिक्षकहरुको अन्तरवार्ताबाट समेत पुष्टि हुन गयो । योजना विना अघाडि कसरी जाने थाहा नै पाइदैन् । यति हुदाहुदै पनि तीनवटै विद्यालयहरुमा सम्बन्धित विषय

शिक्षकहरुले पाठको पूर्व तयारी गरेको तर दैनिक रुपमा पाठयोजना बनाएर शिक्षण भने गर्न नसकेको कुरालाई स्वीकार गर्नुभयो ।

योजना विना कहाँ जाने, के गर्ने थाहा नै हुदैन । शैक्षिक क्षेत्रमा वर्ष भरिमा पूरा गरिने विभिन्न योजनाहरु हुन्छन् । शैक्षिक सत्र भित्र केके र कसरी गर्ने भन्ने बारेमा योजना बनाइन्छ । मुख्य गरी वार्षिक कार्ययोजना, शैक्षिकयोजना, दैनिक कार्यतालिका, दैनिक पाठयोजना आदिजस्ता योजनाहरु महत्वपूर्ण मानिन्छन् । यस अध्ययनको नमूना छनौटमा परेका तीनवटै विद्यालयहरुमा अवलोकन गर्दा वार्षिक कार्ययोजना बनाएको पाइयो । शिक्षकले दैनिक समयतालिकानुसार अध्यापन गराइरहेको, दैनिक पाठयोजना नबनाए पनि पूर्वतयारी र डायरीको प्रयोग गरी पढाउने, पाठको सामग्री जुटाउनमा ध्यान दिने गरेको पाइयो ।

### ४.२.३ पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग

पाठ्यक्रम कार्यान्वयन हुने प्रमूख आधार भनेको नै पाठ्पुस्तक रहेको देखिन्छ । हाम्रो देशको आर्थिक तथा प्रशासनिक कमजोरीका कारणले गर्दा समयमा पाठ्यपुस्तक उपलब्ध नहुँदा पठन-पाठनमा समस्या रहेको छ । समयमा पाठ्यक्रम तथा पाठ्यपुस्तक उपलब्ध नहुँदा पढाइको अवस्था अस्तव्यस्त रहेको देखिन्छ । पाठ्यक्रमका उद्देश्य पूरा गर्न र निर्दिष्ट शैक्षिक उपलब्धी हासिल गराउने साधन पाठ्यपुस्तक हो । पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न माथि उल्लेखित विद्यालयहरुमा सामाजिक शिक्षाको पाठ्यपुस्तकको आपूर्ति शिक्षक तथा विद्यार्थीले कसरी प्राप्त गर्दा रहेछन् । सो सम्बन्धमा छलफल तथा अन्तरवार्ताबाट मैले अध्ययन गर्दा जि.शि.का तथा पुस्तक पसलहरुबाट प्राप्त हुने गरेको पाइयो । समयमा पाठ्यपुस्तक नपुग्दा पढाइको स्तर कमजोर रहेको पाइयो । सरकारी पक्षले माध्यमिक तहको शिक्षा निःशुल्क गरेता पनि पाठ्यक्रम तथा पाठ्यपुस्तक समयमा उपलब्ध गराउन सकिरहेको पाइदैन् ।

उक्त तीनैवटा विद्यालयहरुमा कक्षा कोठामा विद्यार्थीहरुबाट मागेर शिक्षण गर्नुपर्ने अवस्था रहेको देखियो । ती विद्यालयहरुमा सामाजिक शिक्षा अध्यापन गराउने शिक्षकले सामाजिक शिक्षा विषयको शिक्षक निर्देशिका पाठ्यक्रम विकास केन्द्रबाट जि.शि.का.मार्फत प्राप्त गरेको पाइयो । पुस्तकपसलबाट पनि उक्त सामग्रीहरु खरिद गर्ने गरेको अवस्था पाइयो । शिक्षक निर्देशिकाको निर्देशन अनुरुप शिक्षण गर्ने गरेको समेत भेटियो । समग्रमा पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको प्रयोग तीनवटै विद्यालयमा गर्ने गरेको पाइयो ।

कहिले शिक्षकले आवश्यक सामग्री आफै किन्ने गरेको त कहिले विद्यालयले उपलब्ध गराउने गरेको भेटियो भने कतिपय सामग्रीहरु विद्यार्थी स्वयम्‌ले किनेर ल्याउने गरेको समेत भेटियो ।

सामाजिक अध्ययनका लागि शिक्षक निर्देशिकामा पाठ्यक्रम विकास केन्द्रले शिक्षकका लागि सो विषयवस्तु के कसरी अध्यापन गराउने , कसरी मूल्याङ्कन गर्ने आदि जस्ता विभिन्न विषयमा शिक्षकलाई निर्देशन सहीत बताइएको छ । जसअनुसार शिक्षण क्रियाकलाप गर्नु गराउनु आवश्यक हुन्छ । नमूना छनोटमा परेका विद्यालयहरुमा सामाजिक शिक्षालाई अध्यापन गराउने शिक्षकहरुले शिक्षक निर्देशिकाको प्रयोग गरे नगरेको थाहा पाउन अध्ययनकर्ता स्वयम् स्थलगत भ्रमण, अवलोकन, शिक्षकहरुसंगको अन्तरवार्ताबाट यस्तो अवस्था रहेको भेटियो । त्यसैगरी श्री सरस्वती उच्च मा.वि.को हकमा जि.शि.का.बाट प्राप्त शिक्षक निर्देशिका रहने गरेको र त्यसको प्रयोग समेत हुने गरेको पाइयो । त्यसैगरी श्री मा.वि. झुर्कियामा समयमा पाठ्यपुस्तक नपुग्ने र शिक्षक निर्देशिका पनि कमै मात्र पाइने हुनाले पढाइ सञ्चालनमा समस्या आउने गरेको पाइयो । यसका साथसाथै श्री आदर्श उ.मा.वि. मा पाठ्यपुस्तक र शिक्षक निर्देशिका ढिलै भए पनि आएको तर प्रयोग भने कमै मात्रामा गर्ने गरेको पाइयो ।

### ४.२.४ शैक्षिक सामग्रीको प्रयोगको अवस्था

बालबालिकाहरुमा विभिन्न सीप तथा धारणाहरुको विकास गर्न एवम् उनीहरुको सिकाइअनुभव र सोचाईको क्षेत्रको अभिवृत्ति विकास गर्न शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अतिआवश्यक हुन्छ । सिकाइलाई दिगो र अर्थपूर्ण बनाउन शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सिकाइलाई व्यवहारिक र उद्देश्यमूलक बनाउन शिक्षण कार्यमा प्रयोग गरिने सामग्रीलाई नै शैक्षिक सामग्री भनिन्छ ।

शिक्षाको केन्द्रविन्दु विद्यार्थीहरु भएकाले शिक्षकले कक्षामा उपयुक्त वातावरण सिर्जना गरी अध्यापन कार्यलाई सफल बनाउन शैक्षिक सामग्रीको उपयोग गर्न जरुरी हुन्छ । विषय, पाठअनुसार शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोग गर्न सक्नु नै प्रभावकारी शिक्षणको लक्षण हो ।

सामाजिक शिक्षामा विविध प्रकृतिका पाठहरु समावेश गरी पाठ्यक्रम तयार गरिएको हुन्छ । खासगरी यसमा प्रयोग गरिने सामग्रीहरुमा विभिन्न देशका नक्शाहरु , ग्लोब, पोष्टर, चित्रहरु आदि पर्दछन् । यस अध्ययनमा नमूना छनोटमा परेका विद्यालयहरुमा

अवलोकन र शिक्षकहरुसंग अन्तरवार्ता लिंदा कतिपय सामग्रीहरु शिक्षक आफैले तयार गर्ने गरेको, केही सामग्रीहरु विद्यालयमा उपलब्ध हुने गरेको र केही सामग्रीहरु विद्यार्थीहरुले तयार गर्ने गरेको साथै विभिन्न संघसंस्थाहरुले समेत विभिन्न पोष्टर तथा सामाग्रीहरु उपलब्ध गराउने गरेको पाइयो । नमूना छनोटमा परेका विद्यालयहरुमध्ये श्री सरस्वती उ.मा.वि.मा उपलब्ध शैक्षिक सामग्रीहरुको प्रयोग गर्ने गरेको,श्री मा.वि. झुर्कियामा सामग्रीहरु उपलब्ध भएर पनि प्रयोग विहिन अवस्थामा रहेको तथा श्री आदर्श उ.मा.वि.मा सामग्रीहरुको प्रयोग न्युन मात्रामा  गरेको पाइयो ।

विद्यार्थीहरुलाई आवश्यक ज्ञान तथा सीप, हस्तान्तरण गर्न, विषयवस्तुलाई प्रभावकारी बनाउन शिक्षण सामग्रीको महत्वपूर्ण भूमिका रहन्छ । सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था हेर्नुपर्दा सामग्रीको प्रयोग पनि अति आवश्यक पक्ष हो । मेरो अध्ययनको छनोटमा परेका विद्यालहरुमा सामाजिक अध्ययन विषय अध्यापन गराउँदा प्रयोग गरिने सामग्रीहरु मैले स्थलगत अध्ययन, कक्षाअवलोकन, शिक्षकसंगको अन्तरवार्ता र विद्यार्थीसंगको छलफलबाट निम्न सामग्रीहरुको प्रयोग हुने गरेको पाए । श्री सरस्वती उ.मा.वि.को हकमा प्रयोग गरिने सामग्रीहरुमा विभिन्न देशका नक्शाहरु , चार्टहरु, एटलस, ग्लोबहरु थिए भने श्री मा. वि. झुर्कियामा पनि उक्त सामग्रीहरु भएको तर प्रयोगमा भने नल्याएको पाइयो । त्यसैगरी श्री आदर्श उ.मा.वि. डाइनियामा पनि उक्त सामग्रीहरुको भएको तर प्रयोग भने अति नै कम भएको पाइयो ।

यसै प्रशङ्गमा शिक्षण क्रियाकलापमा शैक्षिक सामाग्रीले खेल्ने भूमिकाको सम्वन्धमा वरडंगा स्रोत केन्द्रका स्रोतब्यक्ति श्री पूर्णलाल ताजपुरियाज्यूको भनाई अनुसार विद्यार्थीहरु कुनै पनि कुरा सुनेर भन्दा हेरेर चाडो सिक्ने तथा त्यस्तो सिकाई दिगो, प्रभावकारी तथा चीरस्थाई हुने कुरा वताउनुभयो ।

यसैक्रममा यस क्षेत्रका वि.नि. श्री जीवन गर्तौलाज्यूको विचार र स्रोतव्यक्तिको भनाई मिल्दो जुल्दो रहेको पाइयो । वहाँले सय पटकको बोलाइ भन्दा एक पटको देखाई बढी प्रभावकारी हुने कुरालाई जोड दिदै शिक्षण क्रियाकलापमा वढी भन्दा वढी शैक्षिक सामग्रीहरुको प्रयोग गरेर शिक्षण गर्दा विद्यार्थीको सिकाइ प्रभावकारी हुने कुरामा जोड दिनुभयो ।

### ४.२.५ शिक्षण विधिहरुको प्रयोग

विषयवस्तुले निर्दिष्ट गरेका उद्देश्यहरु प्राप्त गर्न तथा विद्यार्थीहरुलाई कुन माध्यमद्वारा ती ज्ञान, सीप र धारणाको हस्तान्तरण गर्ने भन्ने माध्यम नै शिक्षण विधि हो । शैक्षिक सामग्रीहरु पाठ्यपुस्तकका क्रियाकलापहरुको प्रस्तुती गर्ने स्तरीय माध्यम नै शिक्षण विध हो । सामाजिक शिक्षा अध्यापन गर्दा व्याख्यान, क्षेत्रभ्रमण, छलफल, प्रश्नोत्तर, प्रदर्शनी, प्रयोगात्म रिपोट लेखन जस्ता शिक्षण विधिहरुको प्रयोग गर्ने गरिन्छ ।

यस अध्ययनमा पनि नमुना छनौटमा परेका विद्यालयहरुमा विषय शिक्षकहरुले व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रदर्शनी , क्षेत्रभ्रमण आदि जस्ता विधिहरुको प्रयोग गरी अध्यापन गर्ने गरेको अवलोकन तथा विद्यार्थी छलफलबाट पाइयो । स्रोत, साधन, परिस्थिति तथा समयले साथ दिएमा सास्कृतिक तथा धार्मिक स्थलमा भ्रमण समेत गराउने गरेको पाइयो । यसका साथै कहिले काही स्वास्थ्यसंग सम्बन्धित अन्य व्यक्तिद्धारा पनि अध्यापन गर्ने गरेको पाइयो । बढी जसो व्याख्यान विधिमा जोड दिने गरेको समेत भेटियो । कक्षा ९ र १० मा सामाजिक शिक्षाको पाठ्यक्रममा प्रयोग गर्ने शिक्षण सामग्री विधिको उचित रुपमा संचालन भएको ती विद्यालयमा पाइयो ।

शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी रुपमा विषयवस्तुलाई विद्यार्थी सामु पुऱ्याउने आवश्यक तथा महत्वपूर्ण साधन मानिन्छ । सामाजिक अध्ययनमा भएका ज्ञान, सीप र धारणाका कुराहरुलाई विद्यार्थी सामु पुऱ्याउने खासगरी छलफल, क्षेत्रभ्रमण, प्रतिवेदन लेखन, अवलोकन, प्रदर्शनी मूख्य हुन्छन् । नमुना छनौटमा परेका विद्यालयहरुमा सामाजिक अध्ययन विषयलाई शिक्षण गराउने शिक्षकहरुले प्रायजसो प्रवचन विधिको प्रयोग गर्ने गरेको पाइयो । श्री सरस्वती उ.मा.वि. मा सामाजिक विषय अध्यापन गराउनु हुने शिक्षक श्री खगेन्द्रराज गौतमको कक्षा अवलोकनको  क्रममा प्रदर्शनी विधिको प्रयोग गर्नुभएको, विद्यार्थीलाई छलफल गराउनु भएको तथा वर्षमा एकपटक क्षेत्र भ्रमणमा समेत लग्नुभएको अवस्था पाइयो । त्यसैगरी विषय शिक्षकले कहिले काही स्थानीय सांस्कृतिक स्थलको समेत भ्रमण गराएको, प्रतिवेदन लेखनमा विद्यार्थीलाई सक्रिय गराएको पाइयो । समयसमयमा विद्यार्थीसंग छलफल गराउनुभएको अवस्था समेत भेटियो । जि.शि.का. बाट निरीक्षणका रुपमा वि.नि. पुग्ने गर्नुभएको, सुझाव सल्लाह दिने गर्दा कक्षामा विद्यार्थीको उपस्थिति पनि राम्रो रहेको भेटियो ।

विद्यार्थीसंगको छलफलबाट पनि बढीजसो प्रवचन विधिको प्रयोग गरेता पनि राम्ररी सम्झाउने गरेको , प्रदर्शनी तथा क्षेत्रभ्रमण गराउने गर्दा राम्ररी बुझ्ने तथा विश्वको नक्शाद्वारा पढाउने गर्दा पढाएका विषयवस्तुहरु सजिलै बुझ्न सकेको पाइयो । उल्लेखित कुराहरु स्थलगत भ्रमण अवलोकन तथा छलफलबाट प्राप्त गरिएका हुन् ।

श्री मा.वि. झुर्कियाको हकमा त्यहाँ सामाजिक विषयलाई अध्यापन गराउनु हुने विषय शिक्षिका मालती सिंहले पनि प्रवचन विधिमा बढी जोडदिनुभएको पाइयो । समूहमा छलफल गराउने गर्नुभएको, कक्षाकार्य दिएर नजानेका कुरामा विद्यार्थीहरुलाई छलफल गराएर आएका समस्या समाधान गर्ने गर्नुभएको अवस्था पाइयो । विद्यार्थीलाई नक्सानुसार विभिन्न क्षेत्र छुट्याउन सिकाउने गर्नुभएको, प्रतिवेदन लेख्न गराउने, क्षेत्रभ्रमण खासै नगराउने , तथा शिक्षकहरुमात्र क्षेत्रभ्रमणमा जाने गरेको, विद्यार्थीको उपस्थिति पनि कमै रहेको पाइयो ।

त्यसैगरी श्री आदर्श उ.मा.वि.डाइनियामा सामाजिक विषय अध्यापन गराउनु हुने शिक्षक श्री पाण्डव प्रसाद साहले पनि सरस्वती उ.मा.वि.मा जस्तै शिक्षण विधिहरु प्रयोग गर्ने गर्नुभएको पाइयो । यहाँ पनि सामाजिक अध्ययनको विषय शिक्षकले नक्शाको प्रयोग गरेर पढाउने गर्नुभएको, वर्षमा एक पटक ऐतिहासिक तथा सांस्कृतिक महत्वको क्षेत्रमा भ्रमण गराउने गर्नुभएको, विद्यार्थीहरुलाई प्रतिवेदन लेख्न लगाउने गर्नुभएको तथा विद्यार्थीहरुलाई समय-समयमा सम्बन्धित विषयवस्तुमा छलफल समेत गराउने गर्नुभएको पाइयो ।

समग्रमा शिक्षण विधिका सन्दर्भमा छनौटमा परेका विद्यालयहरुमा धेरैजसो प्रवचन विधिको प्रयोग, छलफल, क्षेत्रभ्रमण, प्रतिवेदन लेखन जस्ता विधिहरुको प्रयोग गर्ने गरेको पाइयो । यसका साथै समय-समयमा निरीक्षणको अभाव विद्यालय प्रशासन तथा विद्यालय व्यवस्थापन समितिले पनि शिक्षण सुधारमा खासै चासो नदेखाएको अवस्थामा ती विद्यालयहरुमा सामाजिक अध्ययनको पाठ्यक्रम कार्यान्वयन भइरहेको पाइयो ।

### ४.२.६ शिक्षक तथा विद्यार्थी क्रियाकलापहरु

पाठ्यक्रम कार्यान्वयन गर्ने क्रममा सम्बन्धित विषय शिक्षकहरु र विद्यार्थीका क्रियाकलापहरुको अहम भूमिका रहेको हुन्छ । जहाँ लिखित रुपमा प्रस्तुत गरिएको विषयवस्तुहरुलाई व्यवहारिक रुपमा प्रयोग गरी उक्त विषयवस्तुको प्रभावकारी कार्यान्वयन गर्न सकिन्छ । सिकाइमा शिक्षक तथा विद्यार्थीका क्रियाकलापहरुको महत्वपूर्ण भूमिका

रहन्छ । शिक्षकले के कस्ता क्रियाकलाप गराउने ? तथा विद्यार्थीले के गर्ने ? कसरी विषयवस्तुलाई बुझ्ने तथा बुझाउने ? भन्ने सम्बन्धमा विविध क्रियाकलापहरु गर्नु गराउनु आवश्यक हुन्छ । सामाजिक शिक्षासगँ सम्बन्धित विभिन्न क्रियाकलाप गर्नु गराउनु भनी शिक्षक निर्देशिकाले उल्लेख गरको छ । त्यसै अनुसार शिक्षण गराउनु आवश्यक पनि देखिन्छ ।

क) शिक्षक क्रियाकलाप

विद्यालयमा शिक्षक एउटा नमूना व्यक्तिको रुपमा उपस्थित हुनुले विद्यार्थीहरु शिक्षक प्रति आकर्षित र शिक्षकका बानी व्यवहार नक्कल गर्ने गर्दछन् । त्यसकारण शिक्षकले शिक्षकमा हुनुपर्ने गुणहरु बोकेर उपस्थित हुनुपर्ने हुन्छ । जसबाट आफ्नो व्यक्तित्व समेत बृद्धि हुनगई कक्षा शिक्षणमा विद्यार्थीहरु अनुशासित तवरले त्यही अनुसारको व्यवहार अनुसरण गर्ने गर्दछन् । मेरो अध्ययनको नमुना छनौटमा परेका तीनवटै विद्यालयहरुमा मैले कक्षा अवलोकन गर्दा कक्षा व्यवस्थापनमा ध्यान दिइएको पाएँ । विद्यार्थीहरुलाई पाठप्रति रुचि जागरण गराउन विभिन्न प्रसङ्ग जोडेर पूर्व पाठको स्मरण गराउँदै पाठमा प्रवेश गरेको पाइयो । पाठको परिचयदिदै विद्यार्थीहरुलाई पढ्न लगाएर पाठ विस्तार गर्ने पक्ष राम्रो रहेको पाइयो । पाठको मध्य भागतिर विषयवस्तु प्रर्याप्तता, क्रमबद्धता, उपयूक्त सामग्रीको प्रयोग, विद्यार्थी सक्रियता, प्रोत्साहन, पृष्ठपोषण जस्ता पक्षमा सविस्तार, नमुना छनौटका विद्यालयहरुमा सामाजिक शिक्षा अध्यापन गराउने विषय शिक्षकले गर्ने गरेको अवस्था भेटियो । आफ्नो अध्ययनको उद्देश्य प्राप्ति भए नभएको तथा पृष्ठपोषण, सारशं बताउदै मूल्याङ्कन गर्ने गरेको अवस्था थियो ।

सम्बन्धित विद्यालयका शिक्षकहरुले प्रायजसो पाठ्यपुस्तकलाई आधार मानी पढाइरहेको अवस्था थियो । व्याख्यान विधिको प्रयोग बढी गर्ने गरेको देखियो । कक्षा शिक्षणका क्रियाकलापहरुलाई अध्ययन गरेर विद्यार्थीहरुले सिक्ने गर्दछन् । त्यसकारण शिक्षकले शिक्षणको समयमा जे जस्ता क्रियाकलाप गर्दछन् , ती अर्थपूर्ण र व्यवहारिक हुन आवश्यक छ ।

नमुना छनौटमा परेका विद्यालयहरुमा शिक्षकहरुको क्रियाकलाप करिब करिब सन्तोषजनक नै रहेको थियो । श्री सरस्वती उ.मा.वि. को हकमा शिक्षकले विद्यार्थीहरुलाई बढी सक्रिय गराएको, छलफलमा विद्यार्थीहरुले सक्रिय भाग लिएको, विद्यार्थीहरुलाई विषयवस्तुमा रुचि बढाउन विभिन्न समसामयिक घटनामा समेत जानकारी गराएको अवस्था

थियो भने श्री मा.वि. भुर्कियाको हकमा शिक्षकले विद्यार्थीहरुलाई भन्दा आफू नै बढी सक्रिय भएको, विद्यार्थी केन्द्रित भन्दा शिक्षक केन्द्रित विधिको प्रयोग गरिएको अवस्था थियो । विद्यार्थीसँगको अन्तरक्रिया कमै गरेको प्रत्यक्ष अवलोकन तथा विद्यार्थीसँगको छलफलबाट पाइएको थियो । त्यसैगरी आदर्श उ.मा.वि. डाइनियामा पनि विद्यार्थीहरुलाई सक्रिय गराई विषयवस्तुमा प्रवेश गराएको, समसामयिक घटनामा विद्यार्थी बीचमा छलफल गराएको, पाठप्रति रुची जगाउन मनोरञ्नात्मक ढंगले विषयवस्तुको सुरुवात गरेको पाइयो ।

### ख) विद्यार्थी क्रियाकलाप

शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीको सहभागिता रहन्छ । शिक्षण विद्यार्थी केन्द्रित हुनु पर्दछ । अनि मात्र विद्यार्थीले सिकेको ज्ञान, सीप, अभिवृत्तिलाई आफ्नो जीवनमा प्रयोगमा ल्याउन सक्दछन् । विद्यार्थी सहभागिताले शिक्षकलाई शिक्षण गर्ने विषयवस्तुको व्याख्या गर्न, सामग्रीको प्रयोग गर्न तथा देखापरेका समस्याहरु समाधान गर्न सजिलो हुन्छ । अर्को तर्फ विद्यार्थीहरुलाई मनोरञ्जन पनि हुने हुनाले शिक्षण क्रियाकलापमा विद्यार्थीको सहभागिता महत्वपूर्ण मानिन्छ ।

### माध्यमिक तहमा कक्षागत विद्यार्थी संख्या


तालिका नं. ४ : कक्षा ९ को विद्यार्थी संख्या

| क.स | विद्यालय कोड | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १ | 'क' | २३ | २५ | ४८ |
| २ | 'ख' | ४० | ३८ | ७८ |
| ३ | 'ग' | ६६ | ५२ | ११८ |

स्रोत : विद्यालय अभिलेखहरु २०६८ ।

यस अध्ययनको क्रममा स्थलगत सर्वेक्षण गरी दस्तावेज अध्ययन गर्दा श्री सरस्वती उ.मा.वि को कक्षा ९ मा छात्र २३ र छात्रा २५ गरि जम्मा ४८, श्री मा.वि भुर्कियामा छात्र ४० र छात्रा ३८ गरि जम्मा ७८ र श्री आदर्श उ.मा.वि. मा छात्र ६६ र छात्रा ५२ गरी जम्मा ११८ जना विद्यार्थीहरु थिए । उक्त तथ्यङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाइएको छ ।

ग्राफ चार्ट नं. १ : कक्षा ९ को विद्यार्थी संख्या (तीनवटै विद्यालयको )





तालिका नं. ५ : कक्षा १० को विद्यार्थी संख्या

| क्र.स | विद्यालय कोड | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १ | 'क' | २५ | १८ | ४३ |
| २ | 'ख' | ५८ | ४८ | १०६ |
| ३ | 'ग' | ५२ | ४३ | ९५ |

स्रोत : विद्यालय अभिलेखहरु २०६८ ।

अध्ययनको क्रममा माथिको तालिका अनुसार श्री सरस्वती उ.मा.वि. को कक्षा १० मा छात्र २५ र छात्रा १८ गरी जम्मा ४३, श्री मा.वि. झुर्कियामा छात्र ५८ र छात्रा ४८ गरी जम्मा १०६ र श्री आदर्श उ.मा.वि. मा छात्र ५२ र छात्रा ४३ गरी जम्मा ९५ जना विद्यार्थीहरु थिए । उक्त तथ्याङ्कलाइ निम्नानुसार स्तम्भ चित्रमा देखाइएको छ ।

ग्राफ चार्ट नं. २ : कक्षा १० को विद्यार्थी संख्या




अध्ययनको क्रममा कक्षा ९ र १० मा विद्यार्थीहरुको उपस्थिति हेर्दा निम्नानुसार पाइयो ।


तालिका नं. ६ : मा.वि तहको विद्यार्थी उपस्थिति प्रतिशत

| क्र.स | विद्यालयको नाम | विद्यार्थी उपस्थिति प्रतिशत |
|---|---|---|
| १ | श्री सरस्वती उ.मा.वि | ८०% |
| २ | श्री मा.वि. झुर्किया | ६५% |
| ३ | श्री आदर्श उ.मा.वि | ७०% |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिकामा दैनिक विद्यार्थीहरुको उपस्थितिलाई हेर्दा श्री सरस्वती उ.मा.वि. मा मावि तहमा विद्यार्थी उपस्थिति ८० प्रतिशत, श्री मा.वि. झुर्कियामा ६५ प्रतिशत र श्री आदर्श उ.मा.वि. मा ७० प्रतिशत रहेको पाइयो । उक्त तथ्यङ्कलाइ निम्नानुसार स्तम्भ चित्रमा देखाइएको छ ।

ग्राफ चार्ट नं. ३ : मा.वि. तहको विद्यार्थी उपस्थिति प्रतिशत




सामाजिक अध्ययन विषयमा अरु विषयमा भन्दा रुचीपूर्ण खालका विषयवस्तु रहेको विद्यार्थीहरुले बताए । सामाजिक अध्ययनका क्रियाकलाप गर्ने गरेको नयाँ खोजका विषयमा विषय शिक्षकसँग  छलफल गर्ने गरेको, कक्षा अवलोकनको अवस्थामा भेटियो । समग्रमा तीनवटै विद्यालयहरुमा विद्यार्थी क्रियाकलाप राम्रो रहेको पाइयो ।

### ४.२.७ मूल्याङ्कन प्रक्रिया

शिक्षण सिकाई क्रियाकलापमा पाठको उद्देश्य कति प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ । अध्यापन गरेको पाठबाट विद्यार्थीहरुले के कति ज्ञान लिन सके, कति बुझे भन्ने कुरा थाहा पाउन कक्षाकोठामा तथा शैक्षिक सत्रको अन्त्यमा मूल्याङ्कन गर्न आवश्यक हुन्छ । माध्यमिक तहमा अध्यापन गरिने सामाजिक शिक्षाको पाठ्यक्रमको मूल्याङ्कनमा शिक्षकले निम्न मूल्याङ्कनका साधनहरु प्रयोग गर्ने गरेको पाइयो ।

अध्यापनका क्रममा शिक्षकले कक्षाकोठामा पाठको समाप्तिपछि शिक्षण गरेको पाठको सारांश बताउनु पर्दछ । त्यस्तै शिक्षणका उद्देश्यहरु कति उपलब्धि मूलक भए वा भएन भनेर पाठको मूल्याङ्कन मौखिक वा लिखित प्रश्न मार्फत नतिजा लिनु पर्दछ । त्यसपछि उक्त सिकाई उपलब्धीलाई स्थायी रुपले सम्झनका लागि विद्यार्थीलाई अध्ययनमा व्यस्त राख्नका लागि गृहकार्य दिनु आवश्यक छ । पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य पूर्ति भयो वा भएन भन्ने कुराको लेखाजोखा गर्ने प्रक्रिया नै मूल्याङ्कन हो । विद्यालय तहमा विद्यार्थी उपलब्धी मूल्याङ्कनका लागि निरन्तर रुपमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन

प्रक्रियालाई आवश्यकता अनुसार अवलम्बन गर्नुपर्ने हुन्छ । प्रत्येक पाठको शिक्षण पश्चात निर्धारित शैक्षणिक उद्देश्य तथा संचालित शिक्षण सिकाई क्रियाकलापका अवस्थामा कक्षाको वातावरण अनुसार प्रश्न सोधिनुका साथै विद्यार्थीको मनोविज्ञान र कार्यसम्पादनको आधारमासमेत मूल्याङ्कन गरिनु पर्दछ । यसरी गरिएको मूल्याङ्कन नतिजाको आधारमा शिक्षण सिकाईमा निरन्तर पृष्ठपोषण प्रदान गर्नु निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्नु पर्दछ ।

नमूना छनोटमा परेका विद्यालयहरुमा मूल्याङ्कनको अवस्था हेर्दा शिक्षकले गृहकार्य दिने गरेको, गृहकार्य बनाएको नबनाएको हेर्ने गरेको, पाठको अन्त्यमा प्रश्न उत्तर गर्ने गरेको पाइयो । वर्षमा तीन पटक परीक्षा लिने गरेका रहेछन् । प्रथम, द्वितीय तथा बार्षिक परीक्षाबाट मूल्याङ्कन गर्ने गरेको अवस्था रहेछ । प्रयोगात्मक परीक्षणबाट पनि मूल्याङ्कन गर्ने परिपाटी रहेछ । यस बाहेक अतिरिक्त क्रियाकलाप, घटनाबृत्त अभिलेख, अवलोकनबाट मूल्याङ्कन गर्ने गरेको पाइयो । एकाइ परीक्षा, मासिक परीक्षा, त्रैमासिक परीक्षा, अन्तिम परीक्षा, कक्षा कार्य, गृहकार्य, प्रयोगात्मक कार्य, अन्य कार्यबाट मूल्याङ्कन गर्ने गरेको पाइयो ।

मूल्याङ्कनका सन्दर्भमा नमूना छनोटमा परेका विद्यालयमा मूल्याङ्कनका लागि श्री सरस्वती उ.मा.वि.मा सामाजिक अध्ययन विषयको मूल्याङ्कनमा एकाई परीक्षा, मासिक परीक्षा, त्रैमासिक परीक्षा, तथा बार्षिक परीक्षा लिने गरेको शिक्षक खगेन्द्रराज गौतमसँगको प्रत्यक्ष अन्तरवार्ता र विद्यार्थीसँगको छलफलबाट थाहा पाइयो । त्यसैगरी श्री मा.वि. झुर्कियामा सम्बन्धित विषय शिक्षिका मालती सिंह राजबंशीका अनुसार मासिक परीक्षा, त्रैमासिक परीक्षा, तथा बार्षिक परीक्षाबाट विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो । श्री आर्दश उ.मा.वि. मा पनि सामाजिक विषय शिक्षक पाण्डव प्रसाद साहसँगको अर्न्तवार्ता र विद्यार्थीसँगको छलफलबाट सामाजिक अध्ययन विषयको मूल्याङ्कनमा एकाई परीक्षा, मासिक परीक्षा, त्रैमासिक परीक्षा, तथा बार्षिक परीक्षा लिने गरेको पाइयो ।

समग्रमा नमूना छनोटमा परेका तीनवटै विद्यालयहरुमा मूल्याङ्कन परिपाटी एउटै रहेको भएतापनि शैक्षिक योजना अनुसार नै मूल्याङ्कन गरिएको पाइयो ।

## ४.३ पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु

शिक्षण क्रियाकलाप प्रत्यक्ष रुपमा विद्यार्थीसंग सम्बन्धित हुन्छ । विद्यार्थीहरुको इच्छा र चाहना बुझेर सोही अनुसारको शिक्षण प्रक्रिया अपनाउनु असल शिक्षकको गुण हो । शिक्षण प्रक्रिया अपनाउँदा सहयोगी साधनको रुपमा जे जस्ता क्रियाकलापहरु र सामग्रीहरुको प्रयोग गरिन्छ, तिनीहरुले विद्यार्थीलाई असजिलो महसुस हुनुहुँदैन । जतिसक्दो

विद्यार्थी परिचित सामग्रीको प्रयोग गरी उनीहरुलाई स्वस्फूर्त सहभागी गराउँदा शिक्षण वढी प्रभावकारी बन्ने गर्दछ । विद्यार्थीहरुले सामाजिक अध्ययन शिक्षणका लागि कस्तो वातावरण, कक्षा कोठाको शैक्षिक सामग्री, क्रियाकलाप, विधि रुचाउँदछन् भन्ने जानकारी लिई सोही अनुसार शिक्षण गर्दा उनीहरुलाई उत्प्रेरणा जगाउन मद्दत पुग्दछ । त्यस कारणले उपयुक्त वातावरणमा राखेर विषयवस्तु शिक्षण गर्दा बढी प्रभावकारी हुने हुँदा उनीहरुको के कस्तो धारणा छ थाहा पाउन जरुरी हन्छ । अध्ययनका क्रममा शिक्षकसंग गरिएको अन्तरवार्ता, कक्षा अवलोकन, विद्यार्थी संगको छलफल र प्रत्यक्ष अवलोकनबाट माध्यमिक तहको सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनमा निम्न समस्या रहेको पाइयो ।

पाठ्यसामग्रीको उपलब्धता र प्रयोगको अवस्था पर्याप्त नहुनु , कक्षा व्यवस्थापन राम्रो नहुनु, कक्षा शिक्षणमा आवश्यक सुविधा नहुनु, सामग्री पर्याप्त नहुनु, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिले ध्यान नदिनु जस्ता प्रमुख समस्या रहेको पाइयो । शिक्षकले कक्षा शिक्षणमा सामग्री निर्माण गर्न र प्रयोगमा आएका समस्या समाधानमा ध्यान नदिनु , स्थानीय सामग्रीहरु निर्माणमा विद्यार्थीहरुलाई आवश्यक निर्देशन गर्न शिक्षकले बेवास्ता गर्नु , कक्षा शिक्षणमा ढिलो आउने , कक्षा छिटो छाड्ने , पाठ राम्ररी नबुझाउने , शिक्षकले कहिलेकाही गृहकार्य दिए पनि हेर्न नभ्याउने , कक्षा नियन्त्रणमा समस्या , मूल्याङ्कन प्रणालीमा पनि खासै ध्यान नदिनु, सबै विद्याथीलाई समान रुपले हेर्न नसक्नु , व्याख्यान विधिद्धारा कक्षामा अध्यापन गर्नु , दण्ड र पुरस्कारको व्यवस्था नगर्नु , शिक्षकमा शिक्षण प्रति रुचि घट्नु जस्ता समस्या रहेको पाइयो । वार्षिक कार्ययोजना अनुसार चल्न नसक्नु , वर्षभरीमा पनि कोर्ष नसिध्याउनु अर्को समस्याको रुपमा भेटियो ।

पाठ्यसामग्री र शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा शिक्षक र विद्यार्थीले खासै ध्यान नदिनु, विद्यार्थी आफैंमा पनि मिहिनेत गर्ने बानी नहुनु, विद्यार्थीमा अनुशासनको कमी, सिक्ने रुचीको अभाव , नजानेका कुरा शिक्षकलाई नसोध्नु पनि समस्याको रुपमा रहेको भेटियो । शिक्षकमा पनि विषयवस्तुको पूर्व तयारी गर्ने वानीको अभाव देखियो ।

मेरो अध्ययनको सिलसिलामा नमूना छनोटमा परेका तीनवटै विद्यालयहरुमा माथि उल्लेखित समस्या शिक्षकसंगको प्रत्यक्ष रुपमा लिइएको अन्तरवार्ता , कक्षा अवलोकन तथा विद्यार्थीसंगको छलफलबाट प्राप्त भएका हुन् । यसका साथै अन्य थुप्रै समस्याहरुमा विद्यालय परिवारले ध्यान नदिनु, विद्यालय व्यवस्थापन समितिले पनि ध्यान नदिनु पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या हुन् । कार्यभार बढी, पूर्व तयारी तथा सामग्री निर्माणमा

समस्या, विद्यालय प्रशासनले सामग्री उपलब्ध नगराएको , समयमा पाठ्यपुस्तक उपलब्ध नहुनु, अतिरिक्त क्रियाकलापमा समस्या , आर्थिक अवस्था कमजोर जस्ता समस्याहरुले पाठ्यक्रमको कार्यान्वयनमा समस्या थपेको पाइयो ।

## ४.४ पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु

माध्यमिक तहको सामाजिक अध्ययनको पाठ्यक्रम कार्यान्वयनको सन्दर्भमा थुप्रै समस्याहरु आइपर्दछन् । सामाजिक शिक्षामा विभिन्न खालका विषयवस्तुहरु समावेश गरी पाठ्यक्रम् तयार पारिएका हुन्छन् । जसका निम्ति दक्ष जनशक्ति, उचित शैक्षिक सामग्री, विधि तथा अन्य श्रोत सामग्रीको आवश्यकता पर्दछ । त्यस्ता विभिन्न खालका समस्याहरुले यस विषयको कार्यान्वयनमा शिक्षक र विद्यार्थीले ठूला कठिनाई भोग्नु परेको छ । त्यस किसिमका समस्याहरु समाधान गरेर कक्षा संचालन गरेमा आफ्ना उद्देश्य तथा विषयवस्तुले राखेका उद्देश्य तथा माध्यमिक तहमा राखिएको सामाजिक शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्त गर्न सजिलो हुने देखिन्छ । त्यस्ता समस्याहरु समाधान गर्न सामाजिक शिक्षा शिक्षण गर्ने शिक्षकहरुले तथा सम्बन्धित व्यक्तिहरुले निम्न उपायहरु अवलम्बन गर्न सकिने कुरा सम्बन्धित विद्यालयका विषय शिक्षकहरुले बताउनुभयो ।

### क) दक्ष तथा तालिम प्राप्त शिक्षकको व्यवस्था

सामाजिक शिक्षा अध्यापन गर्दा तालिम प्राप्त तथा दक्ष, विषयविशेषज्ञको व्यवस्था गर्न सकेको खण्डमा त्यस विषयलाई कसरी कार्यान्वयन गर्ने , कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने भन्ने जानकारी हुनेहुँदा कार्यान्वयनमा त्यति समस्या नआउने र समस्या समाधानमा सहज हुने देखिन्छ । समसामयिक विषयवस्तुहरुलाई समेटेर सामाजिक अध्ययनको कतिपय विषयवस्तुहरु तयार पारिएको हुनाले शिक्षकहरुलाई पूनर्ताजगी तथा सेवा कालिन तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

### ख) भौतिक सुविधामा सुदृढीकरण

पाठ्यक्रम कार्यान्वयन गर्ने थलो विद्यालय भएको हुँदा यसको भौतिक पक्षमा सुधार ल्याउन सकेमा सामाजिक शिक्षा अध्यापनको समयमा आएका समस्याहरु समाधान हुने देखिन्छ । विद्यालय भवन , कक्षाकोठा , फर्निचर , खेलमैदान , शौचालय तथा खानेपानी जस्ता अति आवश्यक भौतिक पूर्वाधारहरुको सुविधाको अवस्था कमजोर रहेको छ । भौतिक अवस्थामा सुधार गर्न सकेमा समुदायमा जनचेतना विस्तार गरी स्थानिय श्रोतसाधनहरुको

सदुपयोग गर्न सकेमा पाठ्यक्रम कार्यान्वयनमा आएका समस्याहरु समाधान हुने थिए । सम्बन्धित प्रशासनले यसमा ध्यान दिए , विभिन्न संघ संस्थाले सहयोग पुऱ्याएमा शिक्षण सिकाई उपलब्धिमूलक बनाउन सकिने देखिन्छ ।

ग) आवश्यक शैक्षिक सामग्रीको व्यवस्था

विद्यालय शिक्षण सिकाइलाई उपलब्धिमूलक बनाउन शैक्षिक सामग्रीको व्यवस्था गर्नु पनि आवश्यक हुन्छ । शैक्षिक सामग्रीबाट सिकाइएको ज्ञान प्रभावकारी, दिगो र चीरस्थायी हुने हुनाले यस विषयसंग सम्बन्धित सामग्रीहरुको व्यवस्था गर्न सकेमा यस विषयको उद्देश्य प्राप्तीमा सजिलो हुने थियो ।

घ) उचित शिक्षण विधिको प्रयोग

परम्परागत प्रवचन विधिको मात्र प्रयोग गरेर शिक्षणलाई प्रभावकारी बनाउन सकिदैन भन्ने ठहर गर्दै नयाँ नयाँ विधिहरुको विकास भै रहेको अवस्थामा विषयवस्तुको आवश्यकता र विद्यार्थीको रुची अनुसार शिक्षण गर्न शिक्षण विधिहरुले महत्वपूण भूमिका खेलेको हुन्छ ।

ङ) शैक्षिक योजना निर्माण

योजना विनाको शिक्षण भनेको गन्तव्य विनाको यात्रा हो । योजनाले शिक्षकलाई सही बाटोमा अघि बढ्न सहयोग गर्दछ । योजना बनाएर शिक्षकले यस विषयलाई अध्यापन गरेमा यसमा आएका समस्याहरु सहजै समाधान हुने देखिन्छ ।

च) पारिश्रमिक तथा सेवा सुविधामा वृद्धि

शिक्षणलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार शिक्षकहरुलाई क्रियाशील बनाउन उचित पारिश्रमिक, सेवा, सुविधामा वृद्धिगर्न सके अझ राम्रो हुने देखिन्छ ।

छ) निरीक्षण, मूल्यांकन तथा अनुगमन

सम्बन्धित निकायले समय-समयमा विद्यालयको शिक्षण लगायत अन्य विभिन्न पक्षहरुमा निरीक्षण, सुपरीवेक्षण, मूल्यांकन तथा अनुगमन गरी आवश्यक सुझाव, सल्लाह, सहयोग प्रदान गर्ने हो भने पाठ्क्रम कार्यान्वयनमा आएका समस्याहरु समाधान हुने देखिन्छ ।

### ज)    पुरस्कारको व्यवस्था

शिक्षण सिकाइ क्रियाकलापमा सहभागी भै उत्कृष्ठ गर्ने विद्यार्थी तथा उत्कृष्ठ शिक्षण गर्ने शिक्षकलाई समेत पुरस्कृत गर्ने व्यवस्था भएमा यस्ले पाठ्यक्रम कार्यान्वयन पक्षमा सुधार ल्याउने निश्चित छ ।

समष्टिगत रुपमा सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनमा आएका समस्याहरु समाधान गर्न सम्बन्धित सबै पक्षहरुले सहयोग गर्न सकेमा समाधान हुने विश्वास राख्न सकिन्छ । सम्बन्धित विद्यालयका शिक्षक तथा विद्यार्थीहरुबाट आएका सुझावहरुको आधारमा माथि प्रस्तुत सुझावहर तयार पारिएको हो । पर्याप्त मात्रामा शिक्षणमा भौतिक सुविधाको व्यवस्था गर्न सकेमा, स्थानीय पाठ्यक्रमको व्यवस्था गर्न सकेमा , सेवाकालिन तालिमको व्यवस्था गर्न सकेमा , समयमा पाठ्यसामग्रीहरु उपलब्ध गराउन सकेमा विषय शिक्षकको व्यवस्था गर्न सकेमा , दैनिक पाठयोजना बनाएर अध्यापन गरेमा, अभिभावले पनि विद्यालयप्रति प्रतिवद्ध जनाएमा विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था भएमा, विद्यालयको भौतिक, आर्थिक, सामाजिक पक्षहरु राम्रो भएमा पाठ्यक्रम कार्यान्वयनमा आएका समस्याहरु समाधान हुने देखिन्छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

शिक्षा जीवन पर्यन्त चलिरहने निरन्तर प्रक्रिया भएकाले यसको क्षेत्र व्यापक छ । अध्ययन अनुसन्धानले यसको विकासक्रम, संरचना, वर्तमान परिवेससंग सम्बन्धित विषयवस्तुहरुमा केन्द्रित भएरर अध्ययन गरिएको छ । शैक्षिक प्रक्रियामा लगानी, विद्यार्थी उपलब्धि जस्ता क्षेत्रमा विभिन्न प्रतिवेदनहरुले के देखाइरहेको छ भने देशको सरकारले जस्तोसुकै नीति नियम बनाएपनि त्यसको हरेक क्षेत्रमा सही कार्यान्वयन हुन सकिरहेको छैन । आर्थिक स्रोत तथा साधनहरुको अभावले विद्यालय तहमा समयमा पाठ्यपुस्तक, पाठ्यक्रम, शैक्षिक सामग्रीको अभावमा शैक्षिक गुणस्तर कमजोर रहेको पाइन्छ । शैक्षिक उपलब्धी कम हुंदा राष्ट्रले राखेका माध्यमिक तहको शिक्षाको उद्देश्य तथा लक्ष्य प्राप्त हुन सक्ने अवस्था पनि छैन । एउटा गाउँको साधारण माध्यमिक विद्यालयमा पढ्ने विद्यार्थी सहरका सुविधायुक्त विद्यालयमा पढ्ने विद्यार्थीको तुलनामा कमजोर रहन सक्दछ । विद्यालयको भौतिक सुविधा, शैक्षिक सामग्रीको आपूर्ति तथा त्यसलाई कार्यान्वयन गर्ने जनशक्ति पनि क्षमतावान, दक्ष हुन आवश्यक छ ।

नीति नियम बनाएर मात्र हुदैन । त्यसको कार्यान्वयन पक्ष कमजोर भएमा शैक्षिक उद्देश्य, विषयगत उद्देश्य पूरा गर्न सकिदैन । समाजका हरेक पक्षले विद्यालय सुधारका निम्ति ध्यान दिन आवश्यक छ ।

पाठ्यक्रममा उल्लेखित उद्देश्य हासिल गराउन उद्देश्य र विषयवस्तुको प्रकृति अनुसार विभिन्न किसिमका शिक्षण विधि तथा शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण कार्य गर्ने गरिन्छ । विद्यार्थीलाई विषयवस्तुमा सक्रिय गराउनाले तिनीहरुको व्यवहारमा क्रमिक सुधार ल्याउन सहयोग पुग्दछ । सामाजिक अध्ययन विषय भित्र विभिन्न खालका विषयवस्तुहरु समावेश गरी यसको पाठ्यपुस्तक तयार गरिन्छ । विद्यार्थीको ज्ञान, सीप र अभिवृत्तिको विकासमा शिक्षणको महत्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षण विधि र शैक्षिक सामग्रीको अभावमा सामाजिक अध्ययन विषयको शिक्षण कार्य प्रायः असम्भव छ । यस अध्ययनको क्रममा सामाजिक अध्ययनको पाठ्यपुस्तकमा भएका विषयवस्तुहरु कक्षामा कसरी अध्यापन गर्ने ? के कस्ता सामग्री प्रयोग गर्ने ? शिक्षणको बेला सामाजिक शिक्षाको

पाठ्यक्रम कार्यान्वयनको सन्दर्भमा गरिने सम्पूर्ण कार्यको अध्ययनबाट आएका तथ्याङ्कहरु विश्लेष्णात्मक र गुणात्मक रुपमा प्रस्तुत गरिएका छन्  र शिक्षणका बेला देखिएका समस्याहरु र समाधानका उपायहरु शिक्षक सँगको अन्तरवार्ता कक्षा अवलोकन, विद्यार्थी छलफल तथा स्थलगत अध्ययनबाट निम्न कुराहरु प्राप्त भए :

१) सामाजिक शिक्षा विषय अरु विषय भन्दा रोचक र विद्यार्थी तथा शिक्षकले सकारात्मक विषयको रुपमा ग्रहण गरेको पाइयो ।

२) सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनमा शिक्षक र विद्यार्थीहरुको सक्रियता राम्रो रहेको पाइयो ।

३) उक्त विषयको पाठ्यक्रममा उल्लेखित विषयवस्तुहरु विद्यार्थी सामू पुऱ्याउन शिक्षकले विद्यार्थी केन्द्रित विधि प्रयोग गरेको पाइयो ।

४) शैक्षिक सामग्रीका रुपमा विषयवस्तुसँग सम्बन्धित नक्सा, ग्लोब, एटलस, चार्टको प्रयोग भएको पाइयो तर प्रर्याप्त मात्रमा उपलब्ध नभएको अवस्था थियो ।

५) विद्यालयमा भौतिक सामग्रीहरुको अभाव रहेको, कक्षा व्यवस्थापनमा खासै ध्यान नदिएको पाइयो ।

६) समयमा पाठ्यसामग्री उपलब्ध नहुदा बर्षभरिमा पढाइ सिध्याउन नसकिने समस्या देखियो ।

७) आर्थिक स्रोतको अभावले क्षेत्र भ्रमणका लागि स्थानीय ठाउँमा मात्र भ्रमणको व्यवस्था गरेको पाइयो ।

८) प्रर्याप्त मात्रमा शैक्षिक सामग्री, सन्दर्भपुस्तकको अभावका साथै कार्यकक्ष, पुस्ताकालयको अभाव रहेको भेटियो ।

९) प्रवचन विधिलाई बढी प्राथमिकता दिइएको पाइयो ।

१०) शैक्षिक योजना अनुसार कक्षा संचालनमा समस्या देखियो ।

११) कक्षाकार्य, गृहकार्य, मूल्याङ्कन, पूर्वतयारीमा पनि खासै ध्यान नदिएको पाइयो ।

१२) विद्यालयमा भौतिक सुविधा जस्तै खेलमैदान , कक्षा कोठाको कमी, शौचालय तथा अन्य विविध समस्याहरु रहेता पनि विद्यालय व्यवस्थापन

समितिले समस्या समाधानका लागि विभिन्न प्रयासहरु गरिरहेको अवस्था भेटियो ।

१३) स्थानीय पाठ्यक्रम लागू नभएको, भाषाको समस्या रहेको पाइयो ।

१४) विद्यार्थीको सिकाइ स्तरमा खासै प्रगती भएको देखिएन् ।

१५) समय-समयमा विद्यार्थी क्रियाकलापमा खासै ध्यान पुऱ्याएको देखिएन् ।

१६) अफिसमा नेपाली भाषाको प्रयोग नभएको पाइयो ।

अध्ययनको क्रममा माथि उल्लेखित कुराहरुलाई प्राप्तिका रुपमा लिन सकिन्छ । सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयन स्रोत,साधन, समय र परिस्थिति अनुसार ती नमूना विद्यालयहरुमा राम्रो नै थियो । आएका समस्या समाधानमा विद्यालय प्रशासनले पनि साथ दिएको, विद्यालय व्यवस्थापन समितिले सहयोग पुऱ्याएको, जि.शि.का.ले पनि सहयोग गरेको, समयमा पाठ्यपुस्तक विद्यालयमा पुऱ्याउन सबै पक्षबाट राम्रो सहयोग भएको अवस्था अध्ययनको क्रममा भेटियो ।

## ५.२ निष्कर्ष

यस अध्ययनको क्रममा मैले मोरङ्ग जिल्लामा रहेका तीनवटा गा.वि.स. बरडंगा, डाइनिया र झुर्कियामा रहेका तीनवटा मा.वि. सरस्वती उ.मा.वि कल्याणपुर, श्री मा.वि. झुर्किया र श्री आदर्श उ.मा.वि. डाइनियाको माध्यमिक तहमा गरिएको यो अध्ययनबाट त्यहाँ रहेका सामाजिक शिक्षा अध्यापन गराउने शिक्षक/विद्यार्थीहरुबाट चाहिने आवश्यक सूचना प्राप्त गरेको थिए । पाठ्यक्रम कार्यान्वयन गर्ने मुख्य व्यक्ति शिक्षक, विद्यार्थी र स्थल भनेको विद्यालय हो । ती सम्पूर्ण पक्षको उचित व्यवस्था भएमा पाठ्यक्रमले राखेको उद्देश्य, सामाजिक शिक्षाले पूरा गर्नका साथै राष्ट्रलाई एक कुशल जनशक्ति प्राप्त हुने थियो । विद्यार्थी र शिक्षकले भोग्नु परेका समस्या र ती समस्या समाधानका उपायहरुसँगै अध्ययन निष्कर्षमा पुगेको हो । छनोटमा परेका विद्यालयमा यस विषयप्रतिको सकारात्मक धारणा रहेको पाइयो ।

विद्यार्थीहरुको ज्ञान, सीप, र धारणामा परिवर्तन ल्याउनका लागि विद्यार्थीहरुलाई विभिन्न क्रियाकलाप, छलफल, रिपोर्ट लेखन, अनुसन्धान, भूमिका अभिनय, अवलोकन, शैक्षिक भ्रमण विधिको उचित कार्यान्वयन कमै मात्र पाइयो । शिक्षकलाई उद्देश्य, विषयवस्तु अनुसारको उपयुक्त शिक्षण विधि छनोटका लागि आवश्यक सीपको विकास गर्न, अल्पकालिन, सेवाकालिन, सेमिनार तथा गोष्टी मार्फत तालिमको व्यवस्था हुनुपर्ने देखिन्छ ।

विद्यार्थीहरुको मनोभाव बुझी उनीहरुलाई पनि सामग्री निर्माणमा तथा अन्य क्रियाकलापमा सहभागी हुनपर्ने देखिन्छ ।

सामाजिक अध्ययन विषयमा सहयोग पुऱ्याउने सान्दर्भिक पुस्तकहरु र शैक्षिक सामग्रीको कमी भएमा अध्ययन अध्यापनमा समस्या हुने हुदा पाठ्यपुस्तक र शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने देखिन्छ । विद्यार्थीहरुलाई सम्बन्धित विषयमा शैक्षिक तथा अवलोकन भ्रमणको रुपमा स्थानीय ठाउँमा भ्रमण गराएको पाइयो । योजनाबद्ध रुपले ऐतिहासिक, भौगोलिक, धार्मिक, सास्कृतिक महत्व भएका विभिन्न ठाउँहरुमा भ्रमण गराउन सकेमा अझ प्रभावकारी हुने देखिन्छ । शिक्षण कार्यमा देखिएका समस्याहरु समाधानका लागि विद्यार्थीहरु, शिक्षक र अभिभावक बीच राम्रो सम्बन्ध स्थापना गरी समस्या समाधानमा सहयोग गर्न सकेमा अझ सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयन स्तरीय हुने थियो ।

विशेष परिस्थिति बाहेक शिक्षण कार्य नियमित हुने गरेको तथा विद्यार्थीको कक्षा उपस्थिति कमै रहेको ती विद्यालयहरुमा पाइयो । विद्यार्थीको उपस्थितिलाई बढाउन अभिभावकहरुलाई शिक्षा प्रतिको सकारात्मक धारणा जगाउन सकेमा राम्रो हुने थियो । शिक्षकले कक्षा शिक्षण गर्दा विषयवस्तु प्रति रुची देखाएर गम्भिर रुपमा उपस्थित भई शिक्षण गरेको पाइयो । व्याख्या, प्रदर्शनी, प्रश्नोत्तर , छलफल विधिको माध्यमद्वारा शिक्षण गरेको अवस्था भेटियो । भौतिक कुराहरुको अभाव रहेता पनि विद्यार्थी क्रियाकलाप गराएको पाइयो । समय समयमा विद्यार्थी मूल्याङ्कन गरेमा शैक्षिक तथा विद्यार्थीको आशा गरे अनुसारको उपलब्धी पाइने र शिक्षण कार्यमा सुधार हुने थियो ।

यस अध्ययनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने सामाजिक शिक्षाको पाठ्यक्रम समयमा प्राप्त नभएपनि पाठ्यपुस्तकलाई आधार मानी अध्यापन भइराखेको, शिक्षकले शिक्षक निर्देशिकामा प्रयोग गरेको पाठ अनुरुप शिक्षण विधि, शैक्षिक सामग्री प्रयोग गरेको पाइयो । यसका साथै व्यक्ति, समुदाय, राष्ट्र  र अन्तर्राष्ट्रिय क्षेत्रका बारेमा समेत समसामयिक ज्ञान हासिल गराउन सकेमा विद्यार्थीको जीवन स्तरमा सुधार र उद्देश्य प्राप्तिमा सजिलो हुने थियो । यस्ता विविध पक्षहरुमा सरोकारवालाहरुको ध्यान जान जरुरी छ ।

## ५.३ सुझावहरु

यस अध्ययनले सामाजिक अध्ययनको पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिताको अवस्था बारेमा जानकारी दिन्छ र पाठ्यक्रमको प्रभावकारिताको अवस्थामा देखापरेका समस्याहरु हटाउन सकेमा कार्यान्वयन पक्ष राम्रो हुने देखिन्छ । माथि उल्लेखित प्राप्तिहरुका आधारमा यससँग सम्बन्धित सवै पक्षलाई निम्न किसिमका सुझावहरु तथा सल्लाह दिन सकिन्छ ।

१) यस विषयलाई अध्यापन गर्न पाठसँग सम्बन्धित उपयूक्त शिक्षण विधि, शैक्षिक सामग्री छनोट तथा निर्माण गरी शिक्षकले प्रयोग गरेको खण्डमा यस विषयको प्रभावकारितामा सुधार ल्याउन सकिन्छ ।

२) सामाजिक विषय शिक्षण गर्ने शिक्षकहरुलाई तालिम, गोष्ठी, सेमिनारको व्यवस्था जि.शि.का.ले गर्न सकेमा राम्रो हुने थियो ।

३) विषयगत शिक्षकको व्यवस्था गर्न सकेमा अझ राम्रो हुनेछ ।

४) विद्यालय प्रशासनले भौतिक, आर्थिक तथा सामाजिक रुपमा सुधार ल्याउन सकेमा त्यति समस्या आउने थिएनन् ।

५) शैक्षिक सामग्री उपलब्ध गराउने कुरामा विषय शिक्षकले विद्यार्थीहरुलाई सक्रिय गराउन सकेमा शिक्षण सजिलो हुनेछ ।

६) स्थानीय रुपमा उपलब्ध शैक्षिक सामग्री प्रयोगमा ध्यान दिए राम्रो हुनेछ ।

७) शिक्षकले शैक्षिक योजना, दैनिक पाठयोजना अनुसार शिक्षण गराएमा यसको प्रभावकारिता बढ्ने थियो ।

८) शैक्षिक सामग्री खरिदका लागि विद्यालय व्यवस्थापन समिति तथा अन्य संघ संस्थाले सहयोग गरेमा आवश्यक शैक्षिक सामग्रीको आपूर्ति हुने देखिन्छ ।

९) शिक्षकले समसामयिक घटनाहरु, नयाँ अधिकारको संकलन गरी विद्यार्थीलाई जानकारी गराउनु र सूचना संकलन कार्यमा संलग्न गराउन सकेमा अझ राम्रो हुने थियो ।

१०) विद्यार्थीको सिकाई, मूल्याङ्कन, पाठ्यक्रम, भौतिक सुविधा, सामग्रीको बारेमा बैठकमा छलफल गरी सम्बन्धित निकायको ध्यान केन्द्रित गर्न सकेमा राम्रो हुने देखिन्छ ।

११)	शिक्षा नीति तथा नियमलाई कडाईका साथ लागू गर्न गराउन सकेमा पाठ्यक्रमको प्रभावकारिता बढ्नेछ ।

१२)	भौतिक सुविधामा सुधार गर्दै विद्यार्थीलाई हरेक क्रियाकलापहरुमा सक्रिय गराउन सकेमा अझ राम्रो हुनेछ ।

१३)	शिक्षकले पाठ्यक्रम र शिक्षक निर्देशिका साथै पूर्व तयारीका साथ प्रस्तुत हुनु पर्ने देखिन्छ ।

१४)	शिक्षकले पाठमा रहेका क्रियाकलाप तथा अभ्यास अनिवार्य रुपले गराउनुपर्ने देखिन्छ ।

१५)	दैनिक पाठमा प्रयोग हुने सामग्री बाहेक चार्ट, तस्वीर, एटलस, नक्सा, ग्लोब, श्रष्य, दृश्य सामग्रीहरुको प्रयोगमा जोड दिनुपर्ने देखिन्छ ।

१६)	पाठ सुहाउँदो शैक्षिक भ्रमण र प्रतिवेदन लेखनमा ध्यान दिन जरुरी छ ।

१७)	पाठ्यक्रम विकास केन्द्र तथा जि.शि.का. ले समयमा पाठ्यपुस्तक, निर्देशिका नियमावली उपलब्ध गराउनुपर्ने देखिन्छ ।

उल्लेखित सुझावहरुलाई आफ्नो कार्ययोजनामा सवै निकायले ल्याएमा सामाजिक शिक्षाको पाठ्यक्रमको प्रभावकारितामा सुधारका साथै विद्यार्थीको सिकाईमा फरक तथा राखेका उद्देश्यहरु, चाहेको जनशक्ति उपलब्ध हुने विश्वास राख्न सकिन्छ ।

# सन्दर्भग्रन्थि


अधिकारी, बिष्णु प्रसाद (२०६३), *माध्यमिक तह अध्यापन अनुमति पत्र परीक्षा दर्पण,* काठमाडौं : मकालु पब्लिकेशन ।

आचार्य, जयनारायण (२००४), *माध्यमिक तहको सामाजिक शिक्षा शिक्षणमा शैक्षिक सामग्रीको उपलब्धता तथा प्रयोगको अवस्था,* त्रि.वि. कीर्तिपुर, काठमाडौं : स्नातकोत्तर तहको शोधपत्र ।

काफ्ले, वासुदेव र साथीहरु (२०५९), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, श्रीप्रसाद (२०६४), *पाठ्यक्रम सिद्धान्त,* कीर्तिपुर, काठमाडौं : जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि ।

खनाल श्रीप्रसाद, तिमिल्सीना, विनोदखण्ड (२०६१), *गुणात्मक मूल्यांकन अनुसन्धान,* नयाबजार, कीर्तिपुर : क्षितिज प्रकाशन ।

चक्रपाणि लुइटेल (२०६५), *सामाजिक अध्ययन शिक्षण,* काठमाण्डौं : वेभ प्रिन्टिङ प्रेस ।

जबरा, श्रेष्ठ र रन्जितकार (२०६५), *शिक्षणमा मापन तथा मूल्यांकन सिद्धान्त र कार्यविधि,* भोटाहिटी, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

जोशी, रेखा (२०६५), *सामाजिक अध्ययन विषयमा माध्यमिक तहमा शिक्षक र विद्यार्थीले भोग्नुपरेका समस्या,* त्रि.वि. कीर्तिपुर, काठमाण्डौं : स्नातकोत्तर तहको शोधपत्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *माध्यमिक तह सामाजिक शिक्षा शिक्षण निर्देशिका कक्षा १०,* सानोठिमी, भक्तपुर : स्नातकोत्तर तहको शोधपत्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *शिक्षा पत्रिका,* सानोठिमी, भक्तपुर ।

पाल, दीपेन्द्र (२०६३ ), *नि.मा.वि. तहको सामाजिक शिक्षा विषयमा तालिम प्राप्त र अप्राप्त शिक्षककहरुद्वारा गरिने शिक्षण क्रियाकलाप, मूल्यांकन प्रक्रिया र विद्यार्थी उपलब्धी एक अध्ययन,* महेन्द्ररत्न क्याम्पस, ताहाचाल : अप्रकाशित शोधपत्र ।

शर्मा, चिरञ्जीवी (२०६१), *शिक्षाका आधारहरु,* काठमाण्डौं : एम. के पब्लिकेशन एण्ड डिष्ट्रिब्युटर्स ।

शर्मा, गोपीनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* काठमाण्डौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

शिक्षा ऐन (२०२८), *नवीतम संशोधन सहित (२०६५),* माघ २८, पुतलीसडक, काठमाण्डौं : बौद्धिक दर्पण प्रकाशन ।

सुरेन्द्र सिंह ऐर (२०६७), *सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था,* त्रि.वि.वि. शिक्षाशास्त्र संकाय, विश्वविद्यालय क्याम्पस, काठमाण्डौं : शोधपत्र ।

# अनुसूची १

## विद्यालय, प्र.अ, तथा विषय शिक्षकहरुको नामावली

क) विद्यालयहरुको नामावली

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री सरस्वती उ.मा.वि. | बरडंगा ७ , कल्याणपुर |
| २ | श्री मा. वि. | झुर्किया ७ |
| ३ | श्री आदर्श उ.मा.वि. | डाइनिया ७ |

ख) प्रधानाध्यापकहरुको नामावली

| क.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | योग्यता |
|---|---|---|---|
| १ | श्री सरस्वती उ.मा.वि. | विन्देश्वर मण्डल | वि.एड |
| २ | श्री मा. वि. | जगदिस अमात्य | वि.एस्सी |
| ३ | श्री आदर्श उ.मा.वि. | जयविर यादव | वि.एस्सी, एम.एड |

ग) सम्बन्धित विषयशिक्षकहरुको नामावली

| क.सं. | विद्यालयको नाम | सम्बन्धित विषयशिक्षकहरुको नाम | योग्यता | अनुभव |
|---|---|---|---|---|
| १ | श्री सरस्वती उ.मा.वि. | खगेन्द्रराज गौतम | वि.ए, वि.एड | १६ बर्ष |
| २ | श्री मा. वि. | मालती सिंह | वि.एड | ३ बर्ष |
| ३ | श्री आदर्श उ.मा.वि. | पाण्डव प्रसाद साह | वि.ए, वि.एड | ३२ बर्ष |

# अनुसूची २

## विद्यालय व्यवस्थापन समिति तथा शि.अ. संघका अध्यक्षहरुको नामावली

क)  वि.व्य.स.का अध्यक्षहरुको नामावली

| क्र.सं. | विद्यालयको नाम | वि. व्य.स. अध्यक्षहरुको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री सरस्वती उ.मा.वि. | केशव प्रसाद भट्टराई | बरडंगा ७, कल्याणपुर |
| २ | श्री मा. वि. | दुर्गा यादव | झुर्किया ६, डोरिया |
| ३ | श्री आदर्श उ.मा.वि. | कमल प्रसाद सिंह | डाइनिया ७ |

ख)  शिक्षक अभिभावक संघका अध्यक्षहरुको नामाबली

| क्र.सं. | विद्यालयको नाम | शि.अ.सं अध्यक्षहरुको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री सरस्वती उ.मा.वि. | जयप्रकाश यादव | बरडंगा ५, चुनिमारी |
| २ | श्री मा. वि. | अभिलाल सिंह | झुर्किया ९, सिंघाडी |
| ३ | श्री आदर्श उ.मा.वि. | महताब आलम | डाइनिया ७ |

# अनुसूची ३

## अभिभावक तथा विद्यार्थीहरुको नामावली

क)    अभिभावकहरको नामावली

| क.सं. | श्री सरस्वती उ.मा.वि. | श्री मा. वि. | श्री आदर्श उ.मा.वि. |
|---|---|---|---|
| १ | चोलानाथ गौतम | महेश मिश्र | हंस लाल साह |
| २ | केशव प्र. कोइराला | मोहन अमात्य | विजय प्र. सिंह |
| ३ | चेथनाथ कोइराला | गणेश राजबंशी | बृजकिसोर झा |
| ४ | जीवन कुमार गौतम | उदय यादव | कमलेश प्र. साह |
| ५ | गणेश टुडू | बैगम माझी | ध्रुव प्र. सिंह |

## ख)    विद्यार्थीहरुको नामावली

| क.सं. | श्री सरस्वती उ.मा.वि. | श्री मा. वि. | श्री आदर्श उ.मा.वि. |
|---|---|---|---|
| १ | रस्मिता ताजपुरिया | विजय ठाकुर | मुन्ना महतो |
| २ | सुमित्रा हास्दा | दिपेन्द्र ताजपुरिया | अमन साह |
| ३ | पुष्पा कोइराला | विजया अमात्य | बिरु सहनी |
| ४ | सन्तोष यादव | पुनम मिश्र | पंकज यादव |
| ५ | शेषो ताजपुरिया | सञ्जय गंगाई | सीता मुर्मू |

# अनुसूची ४

## स्रोतव्यक्ति तथा वि.नि. हरुका लागि प्रश्नावली

१) शिक्षण सामाग्रीले शिक्षण सिकाइ क्रियाकलापमा पार्ने प्रभावको सम्वन्धमा केही वताइदिनु हुन्छ कि ?

२) शिक्षण सामाग्रीहरु प्रयोग गर्दा र नगर्दा बिचको अवस्थामा के फरक पाउनु भएको छ ?

३) माध्यमिक तहको सामाजिक विषयको शिक्षणमा के कस्ता सामाग्रीहरु प्रयोग गर्न सकिन्छन् ? बताइ दिनु हुन्छ की ?

४) शिक्षकहरुलाई तालिमको आवश्यक्ता कतिको देख्नु हुन्छ ?

५) तालिम लिएको र नलिएको शिक्षकहरुले शिक्षण गर्दा के कस्तो भिन्नता पाउनु भयो ?

६) अन्तमा, माध्यमिक तहको सामाजिक शिक्षा विषयको पाठ्यक्रमले विद्यार्थीहरुमा कस्तो प्रभाव पारेको पाउनुभयो ?

# अनुसूची ५

## प्रधानाध्यापकहरुका लागि प्रश्नावली

१) तपाईको विद्यालयमा सामाजिक विषय शिक्षणका लागि के कस्ता शैक्षिक सामग्रीहरु उपलब्ध छन् ?

...................................................................................................

२) विद्यालयमा के कस्ता योजनाहरु बनाएर लागू गर्नुभएको छ ?

...................................................................................................

३) शिक्षक स्टाफहरुको बैठक कहिले कहिले बोलाउनु हुन्छ ?

...................................................................................................

४) विद्यालयको भौतिक पक्षहरुको सुधारमा स्रोतसाधनहरु कसरी जुटाउदै आउनु भएको छ ?

...................................................................................................

५) विद्यालयमा अतिरिक्त क्रियाकलापहरु गराउने गर्नु भएको छ कि छैन ?

...................................................................................................

६) के कस्ता अतिरिक्त क्रियाकलापहरु गराउदै आउनु भएको छ ?

...................................................................................................

७) विद्यालयमा पाठ्यपुस्तक वितरणको व्यवस्था कसरी मिलाउनु भएको छ ?

...................................................................................................

# अनुसूची ६

## शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

विद्यालयको नाम : शैक्षिक योग्यता :

ठेगाना : अनुभव :

शिक्षकको नाम : पढाउने कक्षा :

१) माध्यमिक तहमा पढाइ हुने सामाजिक शिक्षा विषयको बारेमा केही बताइदिनु हुन्छ कि ?

..........................................................................................................

२) तपाईंले अध्यापन गर्न थाल्नुभएको कति वर्ष भयो ?

..........................................................................................................

३) सामाजिक शिक्षा अध्यापनका लागि पाठ्यक्रम कहाँबाट प्राप्त गर्नुहुन्छ ? वा पाठ्यपुस्तक कहाँबाट ल्याउने गर्नुभएको छ ?

......................................................................................................

४) सामाजिक शिक्षा अध्यापनमा शिक्षक निर्देशिका प्रयोग गर्नुहुन्छ ?

.....................................................................................................

५) शैक्षिक सामग्री कसरी जुटाउनुहुन्छ ?

...................................................................................................

६) शैक्षिक सामग्री जुटाउन अभिभावक , प्र.अ. ले सहयोग गर्नुभएको छ ।

.................................................................................................

७) विद्यार्थीले अध्ययन वा गृहकार्य कतिको बनाउने गर्दछन् ?

...............................................................................................

८) के विद्यार्थीलाई शैक्षिक भ्रमण गराउन लग्नुहुन्छ ?

.............................................................................................

९) लैजानुहुन्छ भने कस्तो ठाउँमा लैजानुहुन्छ ?

............................................................................................

१०) वर्षमा कतिपटक परीक्षा सञ्चालन हुन्छ ?

.............................................................................................

११) पाठ्क्रमले राखेका सम्पूर्ण विषयवस्तु वर्षभरिमा पढाइसक्नुहुन्छ ?

.............................................................................................

१२) विद्यालय कक्षा कोठामा अध्यापन गराउदा के कस्ता समस्याहरु पाउनु भएको छ ?

.............................................................................................

१३) तपाईंको विचारमा पाठ्क्रम कार्यान्वयनमा आएका समस्याहरु कसरी समाधान गर्ने होला ?

.............................................................................................

१४) अध्ययन अध्यापनमा अभिभावकले भूमिका निर्वाह गर्न आवश्यक ठान्नुहुन्छ ?

.............................................................................................

१५) विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु कत्तिको गराउँनुहुन्छ ?

.............................................................................................

१६) कक्षा कोठामा विद्यार्थीहरुको उपस्थिति कस्तो रहन्छ ?

.............................................................................................

१७) विद्यार्थीको मूख्य समस्या के देख्नुभएको छ ?

.............................................................................................

# अनुसूची ७

## विद्यार्थीहरुका लागि समूह छलफलका लागि प्रश्नहरु

१) सामाजिक अध्यापन गराउँदा दैनिक पूर्वपाठको स्मरण कसरी गराउँनुहुन्छ ?

..........................................................................................

२) सामाजिक विषय पढाउदा कुन-कुन विधिहरु प्रयोग गर्नुहुन्छ ?

..........................................................................................

३) शिक्षकले पढाउदा पाठको अन्त्यमा प्रश्न सोध्नु हुन्छ कि हुन्न ?

..........................................................................................

४) यो विषय पढाउँदा कुन-कुन शैक्षिक सामग्रीहरु प्रयोग गर्नुहुन्छ ?

..........................................................................................

५) सामाजिक शिक्षा पुस्तकमा भएका क्रियाकलापहरु सम्पूर्ण गराउनु हुन्छ ?

..........................................................................................

६) तपाईलाई विषय शिक्षकले कुनै ठाउँको अवलोकन भ्रमण गराउनु भएको छ ।

..........................................................................................

७) अवलोकन भ्रमणमा गएर तपाईहरुले केके अवलोकन गर्नुभयो ?

..........................................................................................

८) तपाईहरुलाई नक्सा कोर्न र तालिका बनाउन लगाउनु भएको छ ?

..........................................................................................

९) यस विषयलाई कुन-कुन विधिको प्रयोग गरी शिक्षण गरेमा सजिलो होला ?

..........................................................................................

१०) के शिक्षकहरुले प्रयोग गरेका शिक्षण प्रविधिहर उपयुक्तछन् ?

..........................................................................................

११) सामाजिक शिक्षा विषय शिक्षण गर्दा तपाईहरुलाई अप्ठ्यारो लाग्ने पाठ र अभ्यासहरु कुन-कुन् हुन ?

..........................................................................................

१२) कुन-कुन तरिकाले शिक्षण गरे तपाईहरुलाई पाठ बुझ्न र अभ्यास गर्न सजिलो हुन्छ ?

..........................................................................................

# अनुसूची ८

## कक्षा अवलोकन फारम

शिक्षकको योग्यता : मिति :

तालिम : प्राप्त ( )/अप्राप्त ( ) पाठ :

विषय : सामाजिक शिक्षा घण्टी :

१) पाठको प्रारम्भमा के गरियो ?

.............................................................................................................

२) पाठको प्रस्तुतीकरण कसरी गरियो ?

.............................................................................................................

३) कुन-कुन शैक्षिक सामग्रीहरु प्रयोग गरियो ?

.............................................................................................................

४) पाठअनुसार सामग्रीहरुको प्रयोग उपयुक्त र प्रभावकारी थियो ?

.............................................................................................................

५) कुन शिक्षण विधि अपनाइयो ?

.............................................................................................................

६) के शिक्षण विधिको प्रयोग उपयुक्त र प्रभावकारी थियो ?

.............................................................................................................

७) विद्यार्थीलाई कस्तो क्रियाकलाप गराइयो ?

.............................................................................................................

८) के अध्यापन गराएको पाठको मूल्यांकन गरियो ?

.............................................................................................................

९) यदि गरिएमा कुन साधनको प्रयोग गरियो ?

.............................................................................................................

१०) के प्रयोग गरिएका साधनहरु उद्देश्य अनुरुप थिए ?

.............................................................................................................

११) पाठयोजना बनाइएको थियो वा थिएन ?

.............................................................................................................

# अनुसूची ९

## अभिभावकहरुका लागि प्रश्नावली

१) तपाईको विचारमा आफ्नो बच्चाले माध्यमिक तहमा प्रवेश गरेपछि उसको कुन-कुन पक्षमा परिवर्तन आएको पाउनु भयो ?

.................................................................................................................

२) बच्चाले पढाइमा कत्तिको ध्यान दिने गर्दछ ?

...............................................................................................................

३) समसामयिक विषयहरुमा बच्चाले कत्तिको चासो राखेको पाउनु भयो ?

.........................................................................................................

४) समाज सेवाको भावनामा वृद्धि आएको छ वा छैन् ?

........................................................................................................

५) तपाईको बच्चाले तपाईलाई घरको काममा कत्तिको सघाएको छ ?

.....................................................................................................

६) बालबालिकाको पढाइ लेखाइले तपाईको परिवारमा कुनै सहयोग पनि पुगेको छ?

...................................................................................................